# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको परिचय

भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइको शिक्षणलाई भाषिक सिप शिक्षण भनिन्छ । भाषाका चार सिपमध्ये 'सुनाइ' पहिलो सिप हो र महत्त्वपूर्ण सिप हो । सुनाइकै माध्यमबाट भाषाका अन्य सिपहरूको विकास हुन्छ । खास गरेर सुनाइ शिक्षण भनेको कुनै पनि कुरा समग्रताका साथ सुनेर पढ्ने वा सिकाउने प्रक्रिया हो । भाषिक सिपका विभिन्न माध्यमहरू हुन्छन् जसमा सुनाइ, बोलाइ पढाइ र लेखाइ गरी चारवटा सिपमध्ये सुनेर बुझेका आधारमा आफ्ना भावना अभिव्यक्त गर्ने सिपलाई श्रुतिलेखन भनिन्छ । भाषा विचार विनिमयको माध्यम भएकाले कुनै पनि कुरा अरूलाई सिकाउने अत्यन्त महत्त्वपूर्ण कार्यकलापका रूपमा सुनाइ शिक्षणलाई लिने गरिन्छ । 'श्रवणकला शिक्षणको महत्त्वपूर्ण आधार श्रुतिबोध हो । भाषाको विकास श्रुतिबाटै आरम्भ हुन्छ । त्यसैले श्रुतिबोध क्षमता विकासलाई भाषा शिक्षणको आधार विन्दु मानिन्छ' (पौडेल, २०७० : ३१) । मौखिक अभिव्यक्तिका माध्यमद्वारा मानिसले विचार अभिव्यक्त गर्ने क्रममा सुनाइ सिपसँग सम्बन्धित पक्षलाई ख्याल गरी श्रुतिलेखन क्षमताको अध्ययन गरिन्छ । प्राथमिक तहमा पढ्ने विद्यार्थीहरूमा अन्य तहमा पढ्ने विद्यार्थीको तुलनामा कम मात्रामा सुनेर बुझ्ने र लेख्ने क्षमता विकास भइसकेको हुँदैन । यस तहका विद्यार्थीहरूमा श्रुतिलेखन क्षमता सामान्य प्रकारको हुने गर्दछ । 'श्रुतिबोधसम्बन्धी कमजोरीका कारणले गर्दा व्यक्तिगत, विषयवस्तुगत, भाषिक क्षमतागत, वातावरणगत, श्रोतागत आदि कमजोरीका कारणले श्रुतिबोध शिक्षणमा अत्यन्त सचेतता अपनाएर शिक्षण गर्नुपर्दछ' (अधिकारी, २०६९: ३७) । खासगरी श्रुतिलेखनका कमजोरी भाषाका अन्य सिपमा समेत कमजोरी हुने हुँदा त्यसको दूरगामी प्रभाव विद्यार्थीको वैयक्तिक जीवन र व्यक्तित्व निर्माणमा समेत नकारात्मक प्रभाव पर्न जान्छ । यस तहका बालबालिकालाई खासगरी अनुच्छेद उच्चारण गरी सुनेर लेख्ने बानीको विकास गराउनको लागि श्रुतिलेखन क्षमताको अभ्यास गराइन्छ । यस्तो प्रकारको कार्यकलाप सञ्चालन गर्नका लागि शान्त र एकाग्रतापूर्ण वातावरणको आवश्यकता पर्दछ र वातावरणमा यस्तो कार्यकलाप गराउनु उचित मानिन्छ ।

लेखाइ सिप विकासको अभिन्न अङ्ग मानिने कार्यकलापको रूपमा श्रुतिलेखन शिक्षणलाई लिने गरिन्छ । लेखाइ सिप विकासका लागि समेत अभिन्न अङ्ग मानिने यो कार्यकलाप श्रवण कौशलको लागि अपरिहार्य मानिन्छ । भाषा शिक्षण बाहेक अन्य विषय शिक्षणको पनि अभिन्न गतिविधिका रूपमा श्रुतिलेखनको महत्त्वपूर्ण भूमिका रहने गर्दछन् । ‘श्रुतिलेखन समग्र विद्यालय गतिविधिको अभिन्न अङ्गका रूपमा रहने गर्दछ’ (पौडेल, २०७० : ३१ ) ।

प्राथमिक तहमा विद्यार्थीहरूलाई आवाज सुन्न लगाएर सुनेको आवाज के को हो लेख्न लगाउने, लेख्यचिह्नहरू लेख्न सिकाउने जस्ता कार्यकलापहरू समेत गराउन सकिन्छ । यस तहमा अध्ययन गर्ने  विद्यार्थीको यस्तो प्रकारको ग्रहण गरी अभिव्यक्त गर्ने क्षमताको विकास पूर्ण रूपले विकसित हुने भएकाले सामान्य प्रकारका जनावरहरूको आवाज सुनाएर सो आवाज के को हो लेख्न लगाउने, पाठको कुनै अनुच्छेद पढिदिने र सो अनुच्छेद उनीहरूलाई लेख्न लगाउने जस्ता कार्यकलाप गर्न गराउन सकिन्छ । यस्तो प्रकारको अध्ययनमा दैलेख जिल्लाका आधारभूत तह कक्षा पाँचमा अध्ययन गर्ने विद्यार्थीको श्रुतिलेखन क्षमता कस्तो छ भनी अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

कथ्य अभिव्यक्तिका आधारमा मात्र श्रुतिलेखन गर्न सकिन्छ । श्रुतिलेखनसँग सम्बन्धित समस्याप्रति परिचित भएपछि मात्र शिक्षण सामग्रीबाट स्तरअनुसार उपलब्धि हासिल गर्न सकिन्छ । यस शोधपत्र लेखनमा श्रुतिलेखन क्षमताका समस्याहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता कस्तो छ ?

ख) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीको श्रुतिलेखन क्षमताको स्थिति कस्तो छ ?

ग) लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको श्रुतिलेखन क्षमता तुलनात्मक रूपमा कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका निम्नलिखित उद्देश्य रहेका छन् :

क) कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको पहिचान गर्नु,

ख) सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताको तुलनात्मक क्षमता पत्ता लगाउनु,

ग) लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र औचित्य

भाषिक सिप विकास सुनाइबाट प्रारम्भ हुन्छ । भाषा शिक्षणमा श्रुति र श्रुतिलेखनको महत्त्वपूर्ण स्थान रहन्छ । श्रुतिलेखनबाट विद्यार्थीमा सुनाइ सिपको विकास हुनुका साथै लेखाइ सिपमा समेत अभ्यस्त गराउन सकिन्छ । श्रुतिलेखन भन्नाले मौखिक अभिव्यक्तिलाई सुनेर बुझेका आधारमा लिखित अभिव्यक्तिमा प्रस्तुत गर्नुलाई श्रुतिलेखन भनिन्छ । विद्यार्थीको तह र स्तरअनुसार श्रुतिलेखनसम्बन्धी उद्देश्य पुरा भए वा भएनन् भन्ने जस्ता कुराहरूको जानकारी प्राप्त गर्न सकिन्छ । विद्यार्थीको बोध क्षमतालाई बुझेर पाठ्यक्रम सुधार गर्न, व्याख्या विश्लेषण गर्न, मूल्याङ्कन तथा विवेचना गर्न श्रुतिलेखनको महत्त्वपूर्ण स्थान रहेको छ । विद्यार्थीको तह र स्तरअनुसारको भाषिक सिप विकासमा श्रुतिलेखनलाई मुख्य आधार मान्न सकिन्छ ।

प्राथमिक तहका विद्यार्थीहरूलाई अन्य प्रकारको लेखन कार्य गराउन गाह्रो हुने भएकाले यस तहका विद्यार्थीलाई सामान्य प्रकारको श्रुतिलेखन गर्न गराउन सकिन्छ । विभिन्न प्रकारका वर्णहरूको उच्चारण गरी सो वर्णको पुनः उच्चारण गर्न लगाएर सोही कुरालाई लेख्न लगाई श्रुतिलेखन गराउन सकिन्छ तर यस तहका विद्यार्थीहरूले चाँडै सुनेर लेख्न नसक्ने हुनाले सजिलो पाठको श्रुतिलेखन गराउने, उच्चारण गर्दा पनि स्पष्टसँग उच्चारण गर्ने र विद्यार्थीको आवश्यकताअनुसार दोहोऱ्याएर उच्चारण गर्ने र लेख्न श्रुतिलेखन गराउने जस्ता कार्यकलाप गराउनु पर्दछ । मानव ज्ञान र अनुभवहरूलाई प्रकट गर्ने, राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा गर्ने भाषाको लिखित माध्यम श्रुतिलेखन हो । यसर्थ श्रुतिलेखन शिक्षण प्रारम्भिक तहबाट नै लेखाइ सिपको विकास गर्दै लैजानु आवश्यक हुन्छ ।

लेखाइसम्बन्धी ढङ्ग ढाँचाको पहिचान गर्न निश्चित समय सीमाभित्र, निर्धारित शीर्षकमा लेखिएको अनुच्छेदित रचनालाई विश्लेषण गरी विभिन्न समूहका विद्यार्थीहरूको लेखाइ क्षमता पहिचान गर्न सकिनेछ । विद्यार्थीहरूको श्रुतिलेखनसम्बन्धी मूलभूत कुराको बारेमा ज्ञान हुने र कमी कमजोरीहरूलाई औँल्याई प्रस्तुत गरिने भएकाले यस अध्ययनको महत्त्व अझै बढी हुनेछ ।

यस अध्ययनबाट मूल रूपमा भाषा सिकाइका क्षेत्रमा आइपर्ने समस्यासँग पूर्व परिचित भई ती समस्या समाधानमा शिक्षकहरूका साथै शिक्षासँग सरोकार राख्ने व्यक्तिहरूलाई समेत सहयोग पुऱ्याएको छ । भाषा शिक्षणका क्षेत्रमा लेखन क्षमतासँग सम्बन्धित अन्य विविध प्रकारका अध्ययन धेरै भएपनि श्रुतिलेखन क्षमताको अध्ययन तर्फ खासै चासो नरहेको देखिन्छ । यस क्षेत्रमा धेरै शोधकार्य नभएको पाइनुले पनि यसको औचित्यमा थप पुष्टि भएको छ । यसका साथै सम्बन्धित शीर्षकका अध्येता वा पाठकले पनि यसबाट लाभ लिन सक्ने हुँदा उपादेयसमेत हुनेछ ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत अध्ययनलाई निश्चित घेरामा समेटी मार्गमा पुग्न र उपयुक्त तथ्य कुरा पत्ता लगाउन अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ ।

क) अध्ययनीय शीर्षकमा दैलेख जिल्ला भनिए तापनि दुल्लु नगरपालिकामा मात्र सीमित गरिएको छ ।

ख) प्रस्तुत अध्ययनमा दुल्लु नगरपालिकाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयलाई मात्र छनोट गरिएको छ ।

ग) अध्ययनका लागि विद्यालय प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिलाई आधार मानी हरेकका आधारमा ५०/५० जना विद्यार्थी पर्ने गरी छनोट गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

अध्यााय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययन

अध्याय पाँच : विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको श्रुतिलेखन क्षमताको तुलना

अध्याय छ : लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको श्रुतिलेखन क्षमताको तुलना

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

प्रस्तुत शीर्षकसँग सम्बन्धित सम्बन्धित सैद्धान्तिक अवधारणाका लागि प्रकाशित सैद्धान्तिक पुस्तक र विविध शीर्षकमा शोधपत्र लेखिएकाले पूर्वकार्यका रूपमा तिनीहरूको पुनरावलोकन गरएको छ :

### २.१.१ पुस्तक समीक्षा

अधिकारी र शर्मा (२०६१) द्वारा लिखित *प्रारम्भिक नेपाली शिक्षण* नामक पुस्तकमा सुनाइ शिक्षणसम्बन्धी चर्चा गरिएको छ । सुनाइ भाषाको पहिलो सिप हो । सर्वप्रथम बालकले आफ्नो मातृभाषा सुनेर आत्मसाथ गर्छ अनि मात्र ऊ क्रमशः त्यो भाषा बोल्न समर्थ हुन्छ । बालकमा सुनाइ सिपको राम्रो अनुभव भएमा त्यसले बोलाइ, पढाइ र लेखाइलाई मद्दत गर्छ । सुनाइ ग्रहणात्मक सिपको पहिलो खुट्किलो हो । सुनाइले भाषाको संरचना र प्रयोगसन्दर्भको बोध बढाउँछ । उच्चार्य भाषाको श्रुतिबोध क्षमताको विकासका लागि सुनाइ शिक्षणको आवश्यकता पर्दछ । भाषा सिकाइको क्रम सुनाइको अनुभवबाट आरम्भ हुने तथ्यलाई हेर्दा दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूका कठिनाइहरूको पनि ख्याल गर्नुपर्दछ । विद्यालयमा आउँदा नेपाली भाषाको अनुभव प्राप्त गरी नसकेका बालकहरूलाई नेपाली सिकाउन विशेष प्रयासको खाँचो पर्छ । यस्ता विद्यार्थीहरूको लागि सर्वप्रथम सुनाइसम्बन्धी प्रारम्भक कार्यकलापहरू गराउनुपर्दछ । उनीहरूमा नेपाली भाषा सुन्ने बुझ्ने अनुभव नहुँदा ध्वनि पहिचान, वर्णविभेदीकरणको अभ्यासका साथै स-साना वाक्यहरू स्थानीय वस्तु तथा वातावरणको मौखिक वर्णन, चित्रवर्णन, कथाकथन सुनाउने गर्नु उपयुक्त हुन्छ । यो कार्यकलापको साथसाथै सुनाइ शिक्षणका अन्य कार्यकलापहरूमा कविता सुनाउने, सुन र गर, अनुप्रयास मिलाउने, श्रुतिबोध, श्रुतिरचना, श्रुतिलेखन जस्ता कार्यकलापहरू उक्त पुस्तकमा उल्लेख गरिएको पाइन्छ । उक्त पुस्तकको अध्ययनले भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन गर्न सैद्धान्तिक सहयोग पुऱ्याएको छ ।

आचार्य र गौतम (२०६५) द्वारा लिखित *नेपाली भाषा र साहित्य शिक्षण* नामक पुस्तकमा श्रुतिबोध शिक्षणसम्बन्धी चर्चा गरिएको छ । जसमा सुनेर लेख्ने सिपको विकास गराउने प्रयोजनार्थ कार्यकलाप गराउने गरिन्छ । भाषाको विकास श्रुतिबाट नै आरम्भ हुने हुनाले भाषा शिक्षणमा श्रुतिबोध क्षमताको विकास हुनु अति आवश्यक हुन्छ । मानिसले आफ्नो घरपरिवार, छरछिमेक, साथीभाइबाट जस्तो भाषा सुन्छ त्यस्तै लिखित रूपमा अभिव्यक्त गर्दछ । श्रवणकला विकासको महत्त्वपूर्ण माध्यमको रूपमा श्रुतिबोधलाई लिने गरिन्छ । साधारण रूपले हेर्दा श्रुति सरल र सहज देखिए पनि यो अत्यन्त विविधतामूलक र जटिल खालको हुन्छ । राम्ररी सुने मात्र भनेका कुरा बुझिने र राम्ररी बुझेमात्र आफ्नो अभिव्यक्ति दिन सकिन्छ । त्यसैले श्रुतिबोध अभ्यासलाई भाषा शिक्षणको अभिन्न अङ्गको रूपमा लिइन्छ । भाषिक सिपको विकास गर्नका श्रुतिबोध क्षमता राम्रो हुनु आवश्यक हुन्छ । श्रुतिलाई विभिन्न भागमा विभाजन गर्न सकिन्छ । सामान्य, मनोरञ्जनात्मक र विश्लेषणात्मक गरी श्रुति तिन प्रकारका छन् । श्रुति सिपको बोलाइ सिपसँग निकटतम सम्बन्ध रहेको हुन्छ । कुनै व्यक्तिले सुन्ने प्रक्रिया गरेपछि मात्र बोल्ने काम हुन्छ । सुन्ने व्यक्तिले पनि कुरा सुनेपछि मात्र आफ्नो प्रतिक्रिया बोलाइको माध्यमबाट व्यक्त गर्दछ । त्यसैले सुनाइ र बोलाइ एक अर्कामा अन्योन्याश्रित छन् । त्यसैले लेखन क्षमता विकास गर्नका लागि श्रुतिलेखन क्षमतामा जोड दिनु आवश्यक मानिन्छ । उक्त पुस्तकको पुनरावलोकनले श्रुतिलेखनसम्बन्धी सैद्धान्तिक अवधारणा निर्माण गर्नको लागि सघाउ पुऱ्याएको छ ।

पौडेल (२०६७) द्वारा लिखित *दोस्रो भाषाको रूपमा नेपाली शिक्षण* नामक पुस्तकमा श्रुतिलेखन सुनेर बुझेका आधारमा लेख्ने कार्यकलापहरूलाई श्रुतिलेखन भनिन्छ भनी उल्लेख गरिएको पाइन्छ । प्रस्तुत पुस्तकमा श्रुतिलेखनलाई लेखाइ सिप विकासको अभिन्न अङ्ग मानिन्छ । श्रुतिलेखन सिपमा सुनेका भरमा विद्यार्थीले लेखेका कुराहरूलाई हेरेर अथवा जाँचेर उनीहरूको श्रवण दक्षता वा कमजोरीहरू पत्ता लगाउन सकिन्छ । रचनात्मक सुधार र हौसला प्रदान गर्न सकिन्छ । श्रुतिलेखन कार्यकलाप सञ्चालन गर्न शान्त वातावरण सिर्जना गर्नु अत्यन्त आवश्यक हुन्छ । श्रुतिलेखन गर्नका लागि दिमाग, कान र हातको उचित संयोजन हुनुपर्दछ जस्ता कुरा उल्लेख गरिएको छ । यस पुस्तकको पुनरावलोकनले दोस्रोभाषी नेपाली विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको सैद्धान्तिक अध्ययनमा सहयोग पुऱ्याएको छ ।

अधिकारी (२०६९) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा सुनाइको महत्त्व र आवश्यकताको चर्चा गरिएको छ । उक्त पुस्तकमा सुनाइको महत्त्व, आवश्यकता, सुनाइका प्रकार, सुनाइ तथा श्रुतिबोध शिक्षणका कार्यकलाप जस्ता उपशीर्षकहरू समावेश गरिएको छ । कक्षाका प्रत्येक कार्यकलापको सुरुवात सुनाइबाट हुन्छ । शिक्षकले व्याख्यान दिन्छन्, वर्णन गर्छन्, विवरण दिन्छन्, खास कार्यको टिप्पणी गर्दछन् आदि सबै कुरा विद्यार्थीले सुनेर बुझ्नु आवश्यकता पर्दछ । सुनाइ भाषा विकासको आधारसिला हो र ज्ञान विकासको पनि आधारभूत माध्यम हो । सुनाइ विद्यार्थीको वैयक्तिक तथा सामाजिक विकासका दृष्टिले महत्त्वपूर्ण पक्ष भएकाले यसको विकासमा शिक्षकको ध्यान जानु आवश्यक छ । सुनाइलाई योजनाबद्ध रूपमा शिक्षण नगरिँदा शिक्षार्थीहरूमा श्रुतिबोधसम्बन्धी विभिन्न कमजोरी देखा पर्न सक्छन् । यसको असर उनीहरूको बोलाइ, पढाइ अथवा भाषा विकासको समग्र कार्यक्रममा पर्न सक्ने सम्भावना हुन्छ । यसैले भाषा शिक्षणमा सुनाइलाई भाषा विकासको अपरिहार्य अङ्गका रूपमा लिनु पर्दछ भन्ने कुराहरू उल्लेख गरिएको छ । यस पुस्तकको अध्ययनले श्रुतिलेखनका कार्यकलापहरूको पहिचान गर्नको लागि सघाउ पुऱ्याएको छ ।

ढकाल (२०६९) द्वारा लिखित *नेपाली भाषा साहित्य शिक्षण* नामक पुस्तकमा श्रुतिबोध शिक्षणसम्बन्धी चर्चा गरिएको छ । श्रुतिबोध भाषाको आधारभूत सिप भएकाले मानिसले आफ्नो घरपरिवारमा वा समाजमा जस्तो भाषा सुन्छ त्यस्तै भाषाको लिखित रूप प्रयोग गर्दछ । जसमा सुनेर लेख्ने सिपको विकास गराउने प्रयोजनार्थ श्रुतिलेखन कार्यकलाप गराउने गरिन्छ । श्रवण कला विकासको महत्त्वपूर्ण माध्यमका रूपमा श्रुतिबोधलाई लिने गरिन्छ । सुनेर बुझ्ने क्षमताको विकास गराउने सिप नै श्रुतिबोध शिक्षण हो । मौखिक अभिव्यक्तिलाई एकाग्रतापूर्वक सुनेर भन्न खोजिएका कुराहरू बुझ्ने र धारण गर्न सक्षम बनाउने प्रयाजनका लागि श्रुतिलेखन कार्यकलाप गराइन्छ । जसमा शिक्षकले कुनै पनि विषयवस्तुमा आधारित घटना वा प्रसङ्ग वर्णन गरेर सुनाइ सकेपछि उनीहरूले सुनेका आधारमा सिलसिलाबद्ध रूपमा श्रुतिलेखन कार्यकलाप गराइन्छ । यस पुस्तकको अध्ययनले श्रुतिलेखन गराउँदा श्रुतिबोधको आवश्यकतालाई मनन गर्न सघाउ पुऱ्याएको छ ।

पौडेल (२०७०) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा श्रुतिबोध सम्बन्धी चर्चा गरिएको छ । श्रुतिबोध र श्रुतिलेखन क्षमताको विकासका लागि विद्यार्थीलाई शान्त वातावरणमा शिक्षकले कुनै पनि कथा, कविताका अनुच्छेद पहिले पढिदिने र सुनेका

आधारमा बुझी लेख्न लगाउने कार्यका लागि श्रुतिलेखनको अभ्यास गराइने कुराको चर्चा गरिएको छ । यसमा श्रुतिलेखनको महत्त्व, आवश्यकता, प्रयोजन, प्रकार, श्रुतिलेखनका कार्यकलाप जस्ता कुराको चर्चा गरिएको छ । जसले गर्दा विद्यार्थीमा सुनेर लेख्ने साथसाथै बोध गर्न सक्ने प्रयोजनका लागि श्रुतिलेखन अभ्यास गराउनु आवश्यक हुन्छ । उक्त पुस्तकको अध्ययनले श्रुतिलेखनका कार्यकलापको सैद्धान्तिक अवधारणाको बारेमा थाहा पाउन सहयोग पुगेको छ ।

ओझा र जोशी (२०७३) द्वारा लिखित *निम्नमाध्यामिक शिक्षक दिर्ग्दशन* नामक पुस्तकमा भाषिक सिप तथा विधा शिक्षण नामक पुस्तकमा सुनाइ शिक्षणको बारेमा पनि चर्चा गरिएको पाइन्छ । भाषिक सिप विकासको प्रथम चरण सुनाइ हो । सुनाइ बिना बोलाइ, पढाइ र लेखाइ सिपको विकास गर्न सकिँदैन । श्रुतिलेखन शिक्षणको विकास गर्नका लागि एकाग्रतापूर्ण सुनाइको आवश्यकता पर्दछ । सुनाइ बोधको सिपमा अभ्यस्त भएपछि मात्र शब्दभण्डारगत, वाक्यगठनगत र शैलीगत त्रुटिमा सुधार गरी सोहीअनुसारको सिपको विकास हुन्छ । श्रुतिलेखन कार्य सञ्चालन गर्दा कक्षाको स्तरअनुसार सामग्री छनोटमा ध्यान दिनुपर्ने, कक्षाको वातावरण शान्त राख्नुपर्ने, आवाज निकाल्न नहुने कुरामा सचेत गराउनु पर्ने शिक्षक सचेत हुनु जरुरी हुन्छ । श्रुतिलेखन शिक्षण गर्दा विभिन्न किसिमका समस्याहरू आइपर्न सक्छन् तिनको समाधान गर्नका लागि योजनाबद्ध शिक्षण गर्ने, उपयुक्त सामग्रीको चयन र त्यसको प्रयोग वक्ताले बोल्ने कुरा विषयवस्तु अनुसारको हुनुपर्छ जस्ता कार्यहरूबाट निराकरण गरिने कुराको चर्चा गरिएको छ । यस पुस्तकको अध्ययनले श्रुतिलेखन कार्यकलाप सञ्चालन गर्दा योजनाबद्ध शिक्षण र उपयुक्त सामग्रीको छनोट गर्नमा सघाउ पुऱ्याएको छ ।

### २.१.२ शोध समीक्षा

बराल (२०६५) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न भएको पाइन्छ । उक्त अध्ययन काठमाडौँ उपत्यकाका विद्यालयहरूमा सीमित गरिएको पाइन्छ । यस अध्ययनमा समग्र विद्यार्थीको अनुच्छेदलेखन क्षमता पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको तुलनात्मक स्थिति पत्ता लगाउनु जस्ता उद्देश्य राखी त्यसैका आधारमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त अध्ययनमा छवटा विद्यालयका ६० जना विद्यार्थीलाई जनसङ्ख्या नमुनाका रूपमा छनोट गरिएको पाइन्छ । सामुदायिक तिन र संस्थागत तिन गरी जम्मा छ

विद्यालयमा उक्त अध्ययन केन्द्रित गरिएको पाइन्छ । सामुदायिक र संस्थागत विद्यालयमा गरिएको उक्त अध्ययन सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमता राम्रो भएको पाइन्छ। त्यस्तै यो अध्ययनको क्रममा देखिएका विभिन्न कमी कमजोरीहरूलाई निराकरण गर्नको लागि सुझाव दिएको पाइन्छ । यस शोधको पुनरावलोकनले विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको लेखन क्षमताको अध्ययन गर्नका लागि सहयोगी बनेको छ ।

जोशी (२०६६) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ। उक्त शोधकार्य कञ्चनपुर जिल्लाका छवटा विद्यालयमा अध्ययनरत ६० जना विद्यार्थीहरूमा गरिएको पाइन्छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमता पहिल्याउनु सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, नेपाली मातृभाषी विद्यार्थी र विमातृभाषी विद्यार्थीको चिठीलेखन क्षमताको अध्ययन गर्नु जस्ता उद्देश्यहरूमा केन्द्रित रही शोधकार्य सम्पन्न गरिएको पाइन्छ । नेपाली मातृभाषी विद्यार्थी र विमातृभाषी विद्यार्थीहरूबिच चिठीलेखनका क्रममा देखिएका कमजोरीहरू पहिल्याई समाधानका उपायहरू पनि बताइएको छ । उक्त अध्ययनमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमता केही प्रतिशत बढी रहेको पाइन्छ । यस शोधपत्रको पुनरावलोकनले भाषिक पृष्ठभूमिका आधारमा अध्ययन गर्न सहयोग पुऱ्याएको छ।

घिमिरे (२०६६) द्वारा 'काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न भएको पाइन्छ । उक्त अध्ययनका उद्देश्यहरूमा काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृति, लैङ्गिकताका आधारमा निबन्धलेखन क्षमताको स्थिति पहिल्याउनु जस्ता उद्देश्यमा केन्द्रित रही शोधपत्र तयार गरिएको पाइन्छ । अध्ययनका क्रममा काठमाडौँ जिल्लाका चार सामुदायिक र चार संस्थागत गरी आठ विद्यालयका ८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिई अध्ययन गरिएको पाइन्छ। सामग्री निर्माण, पूर्व परीक्षण, तथ्याङ्क सङ्कलन र तथ्याङ्कको व्याख्या विश्लेषण प्रक्रिया अपनाइएको पाइन्छ। समग्रमा विद्यार्थीको निबन्धलेखन क्षमतालाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीको

निबन्धलेखन क्षमता राम्रो भएको र छात्राको तुलनामा छात्रको निबन्धलेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यसरी निबन्धलेखन क्षमतामा देखिएका कमजोरीलाई सम्बोधन गर्दै यसका लागि सुझाब पनि प्रस्तुत गरिएको पाइन्छ । यस शोधको पुनरावलोकनले शोध कार्यका उद्देश्यहरूलाई विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा तुलना गर्न सहयोग पुऱ्याएको छ ।

नेपाल (२०६७) द्वारा 'सिन्धुपाल्चोक जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको निवेदनलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न भएको पाइन्छ । उक्त शोधपत्रको उद्देश्यमा सिन्धुपाल्चोक जिल्लाका कक्षा छका विद्यार्थीहरूको निवेदनलेखन क्षमताको पहिचान गर्नु र पहिलो नेपाली भाषी विद्यार्थी र दोस्रो भाषी विद्यार्थीबिच निवेदनलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु जस्ता उद्देश्यमा केन्द्रित भएर शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधपत्रको नमुनाको रूपमा चार सामुदायिक विद्यालय र चार संस्थागत विद्यालय गरी जम्मा आठ विद्यालयका ८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिई शोधकार्य सम्पन्न गरिएको पाइन्छ । सामुदायिक विद्यालयका विद्यार्थीको निवेदन लेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीको निवेदनलेखन क्षमता राम्रो भएको पाइन्छ । सामुदायिक विद्यालयका विद्यालयका विद्यार्थीको निवेदनलेखन क्षमता कमजोर हुनुका कारणमा शिक्षकहरू तालिम प्राप्त नहुनु, तालिम प्राप्त भएपनि योजनाबद्ध शिक्षण नगर्नु र संस्थागत एउटै विषयमा बढी अभ्यास गराइनुले विद्यार्थी स्वतन्त्र लेखन क्षमतामा सामान्य असर पुऱ्याएको निष्कर्ष निकालिएको छ । यस शोधको पुनरावलोकनले भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको लेखन क्षमता पहिल्याउनको लागि सहयोग पुऱ्याएको छ ।

शाही (२०६८) द्वारा 'चितवन जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन तथा निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधकार्यमा चारवटा विभिन्न उद्देश्य राखेर शोधलाई अगाडि बढाइएको पाइन्छ । शोधको नमुनाको रूपमा चितवन जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याको रूपमा छनोट गरिएको पाइन्छ । त्यही नमुनाको रूपमा छनोट गरिएको जनसङ्ख्यामा सीमित रही अध्ययनलाई अगाडि बढाएको पाइन्छ । उक्त जनसङ्ख्यामा लेखन क्षमताको अध्ययन गरी प्राप्त तथ्याङ्कलाई विश्लेषण गरेको पाइन्छ । उक्त शोधपत्रमा चिठी तथा निवेदनलेखन क्षमता

समग्रतामा सन्तोषजनक रहेको देखिन्छ । त्यस्तै छात्राको लेखन क्षमताभन्दा छात्रको लेखन क्षमता उच्च रहेको पाइन्छ । उक्त शोधपत्रको पुनरावलोकनले तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रियामा सहयोग पुऱ्याएको छ ।

अधिकारी (२०६८) द्वारा 'कक्षा आठमा अध्ययनरत दृष्टिविहीन र दृष्टियुक्त विद्यार्थीहरूको श्रुतिबोध क्षमताको तुलनात्मक अध्ययन' शीर्षकमा शोधपत्र सम्पन्न गरिएको पाइन्छ । जसमा कक्षा आठमा अध्ययनरत दृष्टियुक्त र दृष्टिविहीन विद्यार्थीको श्रुतिबोध क्षमता पहिल्याउनु, दृष्टियुक्त र दृष्टिविहीन विद्यार्थीहरूको पठित र अपठित पाठ्य उद्धरणका आधारमा उनीहरूबिचको श्रुतिबोध क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु जस्ता उद्देश्यहरू राखी शोधकार्य सम्पन्न गरिएको पाइन्छ । यस शोधपत्रमा नमुना सर्वेक्षण विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको पाइन्छ । निर्ष्कषका रूपमा श्रुतिबोध क्षमतालाई हेर्दा विद्यार्थीको श्रुतिबोध क्षमता सन्तोषजनक नै देखिन्छ । यस शोधपत्रको पुनरावलोकनले श्रुतिबोध श्रुतिलेखनका क्रममा आउने महत्त्वपूर्ण पक्ष भएकाले श्रुतिलेखन क्षमतालाई अध्ययन गर्नको लागि केही मात्रामा भएपनि सामग्री सङ्कलन गर्न सहयोग पुगेको छ ।

खड्का (२०६९) द्वारा 'रुकुम जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधपत्रका उद्देश्यहरूमा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा, भाषिक पृष्ठभूमिका आधारमा निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, कमीकमजोरीहरू पहिचान गरी सुझाब प्रस्तुत गर्ने जस्ता उद्देश्यहरू राखिएको पाइन्छ । उक्त शोधपत्रमा पाँच सामुदायिक र पाँच संस्थागत गरी दश विद्यालयका १०० जना विद्यार्थीलाई नमुनाको रूपमा लिई अध्ययन गरिएको पाइन्छ । समग्र विद्यार्थीको निबन्धलेखन अभिव्यक्ति क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ र कक्षा शिक्षणमा निबन्धलेखन अभिव्यक्तिसम्बन्धी क्रियाकलापमा अझ बढी प्राथमिकता दिनुपर्ने सुझाब पनि प्रस्तुत गरिएको छ । उक्त शोधपत्रको पुनरावलोकनले तथ्याङ्क सङ्कलन विश्लेषण गर्नका लागि सहयोग पुऱ्याएको छ ।

खतिवडा (२०७१) द्वारा 'इलाम जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधपत्रमा कक्षा चारमा अध्ययनरत इलाम जिल्लाका पाँचवटा सामुदायिक विद्यालयका विद्यार्थीलाई

जनसङ्ख्याका रूपमा लिई अध्ययन गरिएको पाइन्छ । सिङ्गो जनसङ्ख्याबाट सम्भावना नमुना छनोटका आधारमा प्रतिनिधि नमुना छनोट पद्धतिका आधारमा २० / २० जनाका दरले १०० जना विद्यार्थी छनोट गरी ती विद्यार्थीको भाषिक पृष्ठभूमि, वर्णविन्यास, चिह्नप्रयोग, वाक्यगठन क्षमताका आधारमा श्रुतिलेखन क्षमताको अध्ययन गरिएको पाइन्छ । यसरी गरिएको अध्ययनमा समग्र विद्यार्थीको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको र छात्राहरूको तुलनामा छात्रको श्रुतिलेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको पाइन्छ । यस शोधपत्रको पुनरावलोकनले शोधकार्य सम्पन्न गर्नका लागि प्रतिनिधि नमुना छनोट गर्नमा सहयोग पुऱ्याएको छ ।

पोखेल (२०७३) द्वारा 'काठमाडौँ जिल्ला कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधपत्रका उद्देश्यहरूमा काठमाडौँ जिल्ला कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता पहिचान गर्नु, काठमाडौँ जिल्ला कक्षा पाँचमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, नेपाली मातृभाषी र दोस्रो भाषाभाषी श्रुतिलेखन क्षमताको तुलनात्मक विश्लेषण गर्नु जस्ता उद्देश्य राखी शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधपत्रमा पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा दश विद्यालयका १०० जना विद्यार्थीलाई प्रतिनिधि नमुनाका रूपमा लिएको पाइन्छ । समग्र विद्यार्थीको मध्यमानको आधारमा श्रुतिलेखनसम्बन्धी अध्ययन गर्दा ६४ प्रतिशतभन्दा माथिको अङ्क प्राप्त गर्ने ५२ प्रतिशतभन्दा बढी विद्यार्थीको सङ्ख्या भएकाले विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो भएको पाइन्छ । उक्त अध्ययनमा संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमताभन्दा सामुदायिक विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो भएको पाइन्छ । संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमतामा सुधार ल्याउनका लागि विद्यार्थीलाई बढीभन्दा बढी श्रुतिलेखनमा अभ्यास गराउनु पर्ने, नेपाली विषय जुनसुकै शिक्षकले पढाए पनि हुन्छ भन्ने परम्परावादी धारणालाई त्यागी नेपाली विषयमा दक्ष शिक्षकले नै पढाउनु पर्ने नियमलाई कडाइका साथ लागु गर्नुपर्ने जस्ता सुझावहरू पनि प्रस्तुत गरिएको छ । उक्त शोधपत्रको अध्ययनले विद्यालयको प्रकृतिका आधारमा विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

पोखेल (२०७३) द्वारा 'अर्घाखाँची जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीको विज्ञापनलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त

शोधपत्रका उद्देश्यहरूमा अर्घाखाँची जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीको विज्ञापनलेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीको विज्ञापनलेखन क्षमताको अध्ययन गर्नु, विज्ञापनका प्रकारका आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको व्यापारिक र पदपूर्ति विज्ञापनलेखन क्षमताको पहिचान गर्नु, स्थानीयताका आधारमा विज्ञापनलेखन क्षमताको स्थिति पहिल्याउनु जस्ता उद्देश्यहरूमा केन्द्रित भएर अध्ययनलाई अगाडि बढाएको पाइन्छ । प्रस्तुत शोधपत्रमा अध्ययनका लागि सामग्री सङ्कलन गर्ने क्रममा अर्घाखाँची जिल्लाका दशवटा उच्च माध्यमिक विद्यालयहरूबाट १०० जना विद्यार्थीलाई प्रतिनिधि नमुनाको रूपमा लिइएको पाइन्छ । प्रतिनिधि नमुनाको रूपमा विद्यार्थी छनोट गर्दा प्रत्येक विद्यालयमा पाँचजना छात्र र पाँचजना छात्रा गरी दश जनाका दरले १०० जना विद्यार्थीमा अनुसन्धान गरिएको पाइन्छ । मूलतः यो अध्ययन सामग्री सङ्कलन विधि, क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययनमा आधारित रहेर गरिएको पाइन्छ । अध्ययनमा सङ्कलन गरिएका तथ्याङ्कको विश्लेषणका लागि मध्यमान, मानक विचलन, प्रतिशताङ्क, श्रेणीहरू निर्धारण गरी विद्यार्थीको विज्ञापनलेखन क्षमताको स्थितिलाई पहिचान गरिएको पाइन्छ । यसरी विद्यार्थीको विज्ञापनलेखन क्षमतालाई हेर्दा ग्रामीण क्षेत्रका विद्यार्थीको विज्ञापनलेखन क्षमताभन्दा सहरी क्षेत्रमा अध्ययनरत विद्यार्थीको विज्ञापन लेखन क्षमता राम्रो भएको पाइन्छ । उक्त शोधपत्रको पुनरावलोकनले प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि लैङ्गिकताका आधारमा विद्यार्थीको लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्न केही मात्रामा भएपनि सहयोग पुऱ्याएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

भाषिक सिप विकासको प्रथम चरण सुनाइ हो । सुनाइ बिना बोलाइ, पढाइ र लेखाइको सिप विकास गर्न सकिँदैन । भाषा शिक्षणको क्रममा विद्यार्थीको अधिकांश समय पनि सुनाइमा नै बित्दछ । शिक्षणका क्रममा शिक्षकले विद्यार्थीको सुनाइ सिप विकास भए नभएको हेर्न व्याख्या, प्रश्नोत्तर आदिबाट मूल्याङ्कन गर्दछन् । विद्यालय प्रवेश गर्नु अघि नै विद्यार्थीको सुनाइ सिपको विकास गर्न विभिन्न क्रियाकलाप अपनाइसकेका हुन्छन् । घरायसी कामको व्यावहारिक ज्ञान सुनाइकै माध्यमले विकसित हुन्छ । आफ्ना घरपरिवार बाहेक विभिन्न ठाउका घटनाका बारेमा समयानुसार परिचित हुन सुनाइ सिप र क्षमताको विकास हुनुपर्ने देखिन्छ । सुनाइ क्षमता विकसित हुँदा जोसुकैले पनि निश्चित काममा व्यस्त भएर पनि श्रव्य सामग्रीका माध्यमले अरू कुरा सुन्न सक्छन् । यसका लागि आभ्यासिक सुनाइको

आवश्यकता पर्दछ । आभ्यासिक सुनाइमा अभ्यस्त भएमा मात्र आवश्यकीय कुरा छनोट गरेर सुन्न सकिन्छ (ओझा र जोशी, २०७३ : ११०) । " श्रवण कला विकासको महत्त्वपूर्ण आधार श्रुतिबोध हो । भाषाको विकास श्रुतिबाटै आरम्भ हुन्छ, त्यसैले श्रुतिबोध क्षमता विकासलाई भाषाशिक्षणको विन्दु मानिन्छ" (पौडेल, २०७० : ३१) । "श्रुतिलाई कतिपय अवस्थामा सरल र सहज प्रक्रियाका रूपमा लिने गरे तापनि यो यथार्थमा त्यति सरल छैन किनभने यो वक्ताको आशय र आवश्यकताअनुसार अत्यन्त विविध र जटिल किसिमको पनि हुन सक्छ । श्रुतिलेखनसम्बन्धी कमजोरीका कारणले वाक्यगत, विषयवस्तुगत, भाषिक क्षमतागत, वातावरणगत, श्रोतागत आदि कारणले गर्दा श्रुतिको शिक्षणमा अत्यन्त सचेतता अपनाएर शिक्षण गर्नुपर्दछ "(अधिकारी, २०६९: ३६, ३७) । कुनै पनि भाषामा बोध र अभिव्यक्त गरी दुई पक्ष हुन्छन् । यीमध्ये सुनाइ बोध प्रक्रियासँग सम्बन्धित छ । बोधकार्य निकै कठिन कार्य हो । बोधका लागि राम्रो श्रोता हुनु जरुरी छ । राम्रो श्रोता हुन सकेमात्र राम्रो वक्ता बन्न सकिन्छ । "कुनैपनि बालकले सुनेकै आधारमा विभिन्न चिजबिज र विषयप्रति जिज्ञासा राख्दछ र सुनेकै आधारमा उसले आफ्ना जिज्ञासा मेटाउँदछ त्यसैले सुनाइ सिप भाषाशिक्षणको प्रारम्भिक तर महत्त्वपूर्ण सिप हो" (भुषाल र भट्ट, २०७३ : १६४) । भाषाका चारवटा सिपमध्ये अत्यन्त सचेत भएर शिक्षण गर्ने विषयका रूपमा श्रवण शिक्षणलाई लिने गरिन्छ । त्यसैले प्रारम्भिक कक्षाहरूमा श्रुतिबोध शिक्षण गर्नु अत्यन्त आवश्यक हुन्छ ।

### २.२.१ श्रुतिका प्रकार

सुनाइको वर्गीकरण विभिन्न किसिमले गरिएको पाइन्छ । प्रायः यस्तो वर्गीकरण सुनाइलाई आधार बनाएर गरिएको हुन्छ । अधिकारी (२०६९) अनुसार प्रयोजनीय आधारमा सुनाइलाई निम्नलिखित तिन प्रकारमा विभाजन गरिएको छ :

#### (क) सामान्य श्रुति

विद्यार्थीहरूमा सुनाइको विकास प्रारम्भिक चरणदेखि नै विभेदीकृत रूपमा विकास हुँदै जान्छ । विभिन्न वस्तु तथा जनावरको आवाजका साथै विभिन्न व्यक्तिका बोलीमा पाइने पृथक्ता सुनाइबाट नै अनुभव गर्दछन् । पछिपछि उनीहरू आफ्नो सुनाइको अपेक्षाअनुरूप कतिपय व्यवस्था गरी खासखास आवाजहरूमा आफ्नो ध्यान विशेष रूपमा केन्द्रित गर्न थाल्दछन् । तिनमा पनि कुनै आवाज महत्त्वपूर्ण भएमा प्राथमिकताअनुरूप दिने गर्दछन् ।

सुनाइको यो क्रमले नै यसमा आंशिकता र एकाग्रतासम्बन्धी विशेषताको विकास हुँदै जान्छ । छनोटपूर्ण तथा विभेदीकृत सुनाइको विकास आंशिक सुनाइकै प्रतिफल हो ।

**(ख) मनोरञ्जनात्मक श्रुति**

आनन्द लिने उद्देश्यले सुनिने कार्यकलापलाई मनोरञ्जनात्मक सुनाइ भनिन्छ । कथा, कविता, नाटक एकाङ्की, गीत आदिलाई मनोरञ्जनात्मक प्रयोजनले सुनिन्छ र सुनाउन सकिन्छ । रेडियो टेलिभिजनका कतिपय कार्यक्रमहरू मनोरञ्जनात्मक प्रकृतिका हुन्छन् । यस किसिमको सुनाइले शिक्षार्थीमा ती विधा वा तत्सम्बन्धी विषयवस्तु सुन्ने विशेष अभिरुचिको विकास हुन्छ र गौण रूपमा भाषिक क्षमताको विकासमा सहयोग पुग्दछ । विद्यार्थीहरूको सुनाइ क्षमताको विकास गर्नका लागि मनोरञ्जनात्मक सुनाइ महत्त्वपूर्ण हुन्छ ।

**(ग) विश्लेषणात्मक सुनाइ**

कुनै पनि कुरा सुनेर त्यसमा निहित विभिन्न तथ्य वा पक्षप्रति आफ्नो प्रतिक्रिया व्यक्त गर्नु अथवा त्यस विवेचना तथा विश्लेषण गर्नु आदिलाई विश्लेषणात्मक सुनाइ भनिन्छ । सुनाइमा विश्लेषणात्मकता यसको उच्चस्तरीय अपेक्षा हो र सुनाइमा सृजनात्मक क्षमताको विकासलाई बढाउने दृष्टिले पनि विश्लेषणात्मक सुनाइको आवश्यकता पर्दछ । यस किसिमको सुनाइ क्षमता साना कक्षाका विद्यार्थीहरूका लागि कम अपेक्षित हुन्छ । विद्यार्थीको बौद्धिक परिपक्वता जति बढ्दै उति यस क्षमताको विकास पनि बढ्दै जान्छ ।

### २.२.२ श्रुतिलेखन शिक्षणको आवश्यकता

श्रुति शिक्षण विद्यार्थीका लागि एक महत्त्वपूर्ण कार्यकलाप भएकाले यो प्राथमिक तहका कक्षाहरूमा गराउनु अनिवार्य हुन्छ । श्रुतिलेखन शिक्षणको आवश्यकतालाई बुँदागत रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

क) ध्वनिहरूको पहिचान ध्वनिको विभेदीकरण गर्न ,

ख) विषयवस्तुको बोध क्षमताको विकास गर्न,

ग) दैनिक व्यावहारिक र सामाजिक आवश्यकता पूर्ति गर्न,

घ) शब्दभण्डार तथा वाक्यगठन क्षमताको विकास गर्न,

ङ) अभिव्यक्ति क्षमताको विकास गर्न,

च) समग्र शैक्षिक क्रियाकलापमा सहभागी हुन

छ) ज्ञानविज्ञानका क्षेत्रका सूचना र जानकारी ग्रहण गर्न

ज) बोलाइ, पढाइ र लेखाइ सिप विकासको आधार निर्माण गर्न ।

### २.२.३ श्रुतिलेखन शिक्षणको महत्त्व र प्रयोजन

भाषिक सिप विकासको लागि श्रुति शिक्षणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । श्रुतिलेखन शिक्षणको महत्त्व र प्रयोजनलाई पौडेल (२०७०) अनुसार निम्नानुसार उल्लेख गरिएको छ :

क) भाषिक र भाषेत्तर ध्वनि छुट्याई भाषाका ध्वन्यात्मक प्रक्रिया आत्मसाथ गर्ने क्षमताको विकास गर्न,

ख) विविध ध्वनि पहिचान गर्न कथ्य भाषा विकासमा सघाउ पुऱ्याउन,

ग) व्यक्त कुरा बुझ्न र धारण गर्न,

घ) भाषिक अभिव्यक्तिलाई एकाग्र भई सुनेर भन्न खोजिएको कुरा बुझ्न धारण गर्न सक्ने बनाउने,

ङ) सुनेका कुरालाई सिलसिलेवार रूपमा बोध गर्न,

च) विविध प्रकृतिका श्रवण कला विकास गरी सोहीअनुरूपको ग्रहण र अभिव्यक्ति क्षमता हासिल गरी व्यक्तित्व विकासका मार्ग प्रशस्त गर्नु,

छ) सुनेका विषयवस्तुका बारेमा अरूलाई भन्न आदि ।

### २.२.४ श्रुति शिक्षणका कार्यकलाप

श्रुतिबोध शिक्षणका कार्यकलापहरू तह हेरी ध्वनि विभेदीकरण, वर्ण विभेदीकरण, वाक्य विभेदीकरण, श्रुतिलेखन, श्रुति रचना, श्रुति बुँदा टिपोट, श्रुतिबोधात्मक प्रश्नोत्तर र विवादास्पद कुराको श्रवणजस्ता कार्यकलाप सञ्चालन गर्नु राम्रो मानिन्छ । श्रुतिलेखन शिक्षण सुनाइ पछि गर्नुपर्ने कार्यको पूर्व निर्देशन, स्तर उत्सुकता र प्रवृत्तिलाई ध्यान दिएर शिक्षकले कार्यकलाप गराएमा प्रभावकारी मानिन्छ । 'श्रुतिलेखनलाई पृथकीकृत शिक्षण गर्ने ध्येय नराखी वक्तृतासँग एकीकृत बनाई आवश्यकता परे पठन र लेखन कार्यसँग जोडेर पनि लैजानमा समेत शिक्षकले ध्यान दिनु पर्दछ' (पौडेल, २०७० : ३५) । विद्यार्थीले पढेका

कुनै पाठको अंश सुनाएर त्यो अंश कुन शीर्षकको हो भनेर विद्यार्थीलाई बताउन लगाउँदा पनि राम्रो मानिन्छ । यसरी हेर्दा श्रुतिलेखन शिक्षणमा अवलम्वन गर्न सकिने कार्यकलापहरू निम्नानुसार छन् :

**(क) ध्वनि विभेदीकरण**

ध्वनि पहिचान सुनाइ शिक्षणको पहिलो र महत्त्वपूर्ण कार्यकलाप हो । यस कार्यकलापअन्तर्गत शिक्षकले नेपाली भाषाका स्वर तथा व्यञ्जन ध्वनिहरूको उच्चारण गरी सुन्न लगाउनु पर्दछ । यसबाट स्वर तथा व्यञ्जन ध्वनि भित्रका विभिन्न ध्वनिहरूबिचको उच्चारणमा देखापरेका समानता र असमानता सुनाइका आधारमा विद्यार्थीले छुट्याउन सक्दछन् । यस कार्यकलापमा सुनाइका साथमा बोलाइका गतिविधिहरू पनि सञ्चालन गर्नुपर्ने हुन्छ । ड, ढ ध्वनिलाई 'र' उच्चारण गर्नु गलत हुन्छ (ओझा र जोशी, २०७३ : १११) । जस्तै : पढ्नु -पर्नु, टाढा - टारा, बढ्ता - बर्ता आदि विभिन्न किसिमका शब्दहरूको उच्चारण गर्न लगाएर पनि ध्वनि विभेदीकरण पत्ता लगाउन सकिन्छ ।

**(ख) वर्ण विभेदीकरण**

वर्णहरूको सुनाइमा रहने फरकपनलाई वर्ण विभेदीकरण भनिन्छ । शिशुकक्षा र आधारभूत तहका प्रारम्भिक कक्षाहरूमा श्रुतिलेखन क्षमता विकासका लागि वर्ण विभेदीकरण आधारभूत अभ्यास मानिन्छ । विदेशी भाषाका रूपमा नेपाली शिक्षण गर्नका लागि पनि प्रस्तुत कार्यकलाप गर्दा शिक्षकले विद्यार्थीलाई आइपर्ने वर्ण र शब्दसम्बन्धी मुख्य समस्याहरूमा जोड दिनुपर्दछ (ओझा र जोशी, २०७३ :१११) । विभिन्न वर्ण जोडीहरू र शब्द जोडीहरू सुनाएरै तिनीहरू बिचमा रहने फरकपन विद्यार्थीहरूलाई उच्चारण गर्न लगाई छुट्याउन लगाउनु पर्दछ । जस्तै : बाझ -बाज, टाप - ताप, कोट -कोत, भाँडा - भाडा आदि वर्ण विभेदीकरणको अभ्यासका लागि शब्द युग्महरूको सङ्कलन गरी कक्षामा उच्चारणगत र अर्थगत भिन्नता छुट्याउनका लागि प्रशस्त अभ्यास गराउनु पर्दछ ।

**(ग) शब्द विभेदीकरण**

उच्चारणगत भिन्नता वा श्रुति समभिन्नता जस्ता कारणले शब्द-शब्द, शब्द कार्यगत वा अर्थगत भिन्नता, विभेद गर्ने क्षमता पनि श्रुतिबोध /सुनाइका लागि आवश्यकता मानिन्छ । हुनत कतिपय शब्द विभेद वर्णगत विभेदबाट पनि छुट्याउन सकिन्छ । यसका लागि श्रुतिसमभिन्नार्थक, पदयोग र पदवियोग, हलन्त र अजन्त,

ह्रस्वदीर्घयुक्त शब्दहरू लिई उस्तैउस्तै सुनिने शब्दयुग्म बनाएर सुनाइमा फरक छुट्याउन लगाउन सकिन्छ ।

**(घ) वाक्य विभेदीकरण**

वाक्यात्मक संरचनाका आधारमा अर्थ र आशयगत भिन्नता छुट्याउने कार्यकलाप प्रारम्भिक कक्षादेखि माध्यामिक र उच्च माध्यामिक तहसम्म सञ्चालन गर्न सकिन्छ । उच्चारणको आघात, गतियति, स्वर प्रसारण, वाक्यात्मक भाव, लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, करण अकरण, पदयोग पदवियोग, हलन्त अजन्त, क्रिया प्रयोग आदिका आधारमा फरक संरचना भएका वाक्यहरू युग्मगत रूपमा सुनाइ छुट्याउन लगाउने अभ्यास गराउन सकिन्छ । सुन्दा समान खालका वाक्य तर अर्थ वा भावमा अन्तर रहने वाक्यहरूको सङ्कलन गरी उक्त वाक्यहरू सुनाएर अभ्यास गराउनु पर्दछ । जस्तै : राम भन्छ - राम भन्छन् । त्यो कार्य सम्पन्न भयो । त्यो कार्य सम्पन्न होला जस्तो छ । यस्ता किसिमका वाक्य युग्महरूबाट विद्यार्थीहरूमा सुनेर बोध क्षमतामा वृद्धि गर्ने अवसर प्राप्त हुन्छ ।

**(ङ) श्रुति निर्देशन**

शिशु कक्षा वा प्रारम्भिक कक्षा र त्यसमा पनि विमातृभाषी विद्यार्थीहरूको कक्षामा श्रुतिलेखनकको कार्यकलाप, श्रुति निर्देशनको कार्यकलााप पनि श्रुतिलेखनको आधारभूत कार्यकलाप बन्न सक्छ । श्रुतिबोध सुनेर कुरा बुझ्ने प्रक्रियालाई बुझिन्छ । शिक्षकले विद्यार्थीलाई कुनै घटना विषय प्रसङ्ग वा सन्दर्भ आदिका बारेमा यथार्थ विवरण सुनाइ सकेपछि त्यसै सुनाइका आधारमा विद्यार्थीहरूले के कति बुझे सोको जानकारी प्राप्त गर्न भन्न वा लेख्न लगाइन्छ । यस कार्यकलापबाट विद्यार्थीको सुनेर बुझ्ने क्षमता पत्तालगाउन सकिन्छ ।

**(च) श्रुति रचना**

श्रुति रचना श्रुतिबोधसँग मिल्दोजुल्दो कार्यकलाप हो । यसमा कुनै स-साना घटना, प्रसङ् वा विषवस्तुको वर्णन विवरण सुनाउने र सुनाइ सकेपछि उनीहरूले बुझेका आधारमा सुनेका कुरा सिलसिला मिलाइ एक वा दुई अनुच्छेदमा लेख्न लगाउनुलाई श्रुति रचना भनिन्छ । श्रुति रचना गरिसकेपछि कक्षामा समयको ख्याल गरी उनीहरूले गरेको श्रुति रचना सम्भव भएसम्म सबैको नभए कोहीकोहीको सुनाउन लगाउने र शिक्षकले ती श्रुति

रचना सुनेर आवश्यक टिप्पणी गरिदिनु राम्रो हुन्छ । उक्त कार्यकलाप गराउँदा शिक्षार्थीहरू सुनाइका क्रममा कुनै टिपोट गर्न नदिई केवल सुनेका कुरा जे जति सम्झिन्छन् त्यसैका आधारमा मात्र लेख्ने बानी बसाल्नु पर्दछ ।

**(छ) श्रुति प्रयोग**

स्तर वा कक्षाअनुसार उपयुक्त हुने खालका शब्द, पदावली र विविध पारिभाषिक प्राविधिक शब्दहरूलाई विविध सन्दर्भमा प्रयोग गरी सुनाउन सकिन्छ । यस्तो कार्यकलापबाट शब्द वा शब्दगत प्रयोग हुने भाषिक एकाइको अर्थबोध गरी प्रासङ्गिक र मौलिक प्रयोग गर्ने क्षमता विकासमा सहयोग पुग्दछ । शब्दको प्रासङ्गिक अर्थबोध गर्ने क्षमता विकासमा यसले प्रभावकारी सहयोग पुऱ्याउने हुनाले श्रुतिबोध अथवा श्रवणकला शिक्षणको अपरिहार्य शक्तिका रूपमा यसलाई लिइन्छ ।

**(ज) श्रुति लय**

श्रवणकलाको महत्त्वपूर्ण कार्यकलाप श्रुतिलय वा श्रुति अनुप्रास हो । उस्तै खालका ध्वनि, वर्ण, शब्द वा पदावलकिो नियमित आवृत्ति नै अनुप्रास हो । कल्पना, भावना र साङ्गीत्मक वा लयात्मक कथन सौन्दर्यको निर्माण गरी प्रभावकारी धारणा बसाल्न, अभिव्यक्ति सिंगार्न र सिर्जनशील भाषिक कौशल विकास गर्न पनि अनुप्रासात्मक लयको महत्त्वपूर्ण भुमिका हुन्छ । यो कार्यकलाप स्तरअनुरूप सवै तह र कक्षामा सञ्चालन गर्न सकिन्छ ।

**(झ) श्रुति कथा कथन**

श्रुतिबोधात्मक कार्यकलापहरूमध्ये श्रुति कथा कथन पनि एक महत्त्वपूर्ण कार्यकलाप हुन सक्छ । विद्यार्थीमा श्रवण एकाग्रता निर्माण गरी बुझ्न, धारणा गर्न र सोही अनुसारका मुखमुद्रा, हाउभाउ जस्ता भाषेत्तर कार्यकलापका साथ सिलसिलाबद्ध कथन अभिव्यक्ति विकास गर्न यो कार्यकलाप प्रभावकारी मानिन्छ । यस कार्यकलापलाई भाषा शिक्षण सिकाइको प्रभावकारी अङ्गको रूपमा लिई आवश्यकता र स्तरअनुसार सबै तहमा सञ्चालन गरिनु राम्रो मानिन्छ ।

**(ञ) श्रुति वर्णन**

विद्यार्थीहरूलाई खास किसिमका स्तरयुक्त घटना, विषयवस्तु, विचार, समाचार आदि सुनाइ सविस्तार सुनाइ आलोपालो गरी सुनेका भन्न लगाउने किसिमको कार्यकलापलाई

श्रुति वर्णन भनिन्छ । यस्तो कार्यकलाप सञ्चालन गर्दा सुनेको कुरा विद्यार्थीले वर्णन गरी सुनाउनु पर्ने कुराका बारेमा पूर्व सचेत गराउन आवश्यक हुन सक्छ । साथै आवश्यकता हेरी एक वा एकभन्दा बढी विषयको वर्णन क्रमशः सुनाउन सकिन्छ र श्रवण कार्य समाप्त भएपछि कसैलाई कुनै र कसैलाई कुनै विषयका बारेमा वर्णन गर्न लगाउन सकिन्छ ।

**(ट) श्रुतिलेखन**

सुनेर बुझेका आधारमा लेख्नु नै श्रुतिलेखन हो । लेखाइ सिप विकासको पनि अभिन्न अङ्ग मानिने यो कार्यकलाप श्रवण कौशलको लागि अपरिहार्य मानिन्छ । श्रुतिलेखन समग्र विद्यालय गतिविधिको अभिन्न अङ्ग मानिन्छ । सुनेर बुझेका आधारमा लेख्नु नै श्रुतिलेखन हो । श्रुतिलेखन कार्यकलाप शान्त वातावरणमा हुन जरुरी हुन्छ । यो कार्यकलाप दिमाग, आँखा, कान र हातको कुशल संयोजन हुनु आवश्यक हुन्छ । अपेक्षित र विशिष्ट लेखनका लागि श्रुति लेखन कार्यकलाप अपरिहार्य मानिन्छ ।

**(ठ) श्रुति बोधात्मक प्रश्नोत्तर**

शिक्षकले शिक्षणका क्रममा गरेका व्याख्यान, वाचन अथवा अन्य कुनै प्रासङ्गिक कुरा सुने पछि त्यससँग सम्बन्धित प्रश्नोत्तर कार्यकलापलाई श्रुति बोधात्मक प्रश्नोत्तर भनिन्छ । सुनेर बुझेका आधारमा गरिने सवाल जवाफ भाषा शिक्षणका लागि मात्र नभई समग्र शैक्षिक गतिविधिको अभिन्न र अपरिहार्य कार्यकलाप पनि हो । यस्तो कार्यकलाप शिक्षकले कनै कुरा सुनाए पछि त्यसबाट स्तरयुक्त प्रश्न विद्यार्थीलाई सोध्ने र विद्यार्थीले जवाफ दिने खालको शिक्षकले सुनाउँदा सुनाउँदै वा सुनाइ सकेपछि नबुझेका अथवा प्रष्ट हुन नसकेका प्रसङ्गहरूमा विद्यार्थीहरूले शिक्षकलाई प्रश्न गर्ने र शिक्षकले पुनः राम्ररी बुझाउँदै जवाफ दिने काम श्रुति बोधात्मक प्रश्नोत्तरमा गरिन्छ । शिक्षणका क्रममा श्रुति बोधात्मक कार्यकलाप अत्यन्त महत्त्वपुर्ण मानिन्छ ।

**(ड) श्रुति बुँदा टिपोट**

शिक्षकले त्यसका मुख्य मुख्य बुँदा टिप्न लगाउने कार्यकलापलाई श्रुति बुँदाटिपोट भनिन्छ । शिक्षणका क्रममा बुँदाटिपोट गराउनाले मुख्य मुख्य कुरा बुझ्ने क्षमताको विकास गर्न समेत मद्दत हुन्छ । यस क्रममा शिक्षकले खास कथा, जीवनी आदिका पाठबाट खास अनुच्छेद अथवा सम्भव भए समग्र पाठ पढेर सुनाइ विद्यार्थीहरूलाई त्यसबाट बुँदा टिप्न

लगाउन सकिन्छ । बुँदा टिप्ने काम सकिए पछि आआफ्नो टिपोट कक्षामा सुनाउन लगाई शिक्षकले आवश्यक टिप्पणी समेत गरिदिनु राम्रो मानिन्छ ।

**(ढ) श्रुति सारांश**

श्रुति बुँदाटिपोट जस्तै विभिन्न प्रासङ्गिक कुराहरू सुनेर तिनका सार कुराहरू बुझी तिनै सारभुत कुराहरू सम्झेर लेख्नु वा भन्नु पर्ने अलि उच्चस्तरीय कार्यकलाप हो । यसलाई पनि केही हदसम्म श्रुति बोधात्मक प्रश्नोत्तर कार्यकलापभित्र समेट्न सकिन्छ । यो कार्यकलाप सञ्चालन गर्दा सारांश लेखनका सान्दर्भिक नमुना प्रदर्शन गरी अघि बढ्नु राम्रो हुन्छ । विद्यार्थीहरूलाई सान्दर्भिक प्रसङ्ग सुनाए पछि सारांश लेख्न लगाई कक्षामा सुनाउन लगाउने र आवश्यक टिप्पणी गरी सुधार गर्न लगाउने उपायहरू अवलम्बन गर्न राम्रो मानिन्छ ।

**(ण) श्रुति विवाद**

कुनै पनि विवादास्पद कुरा अथवा पक्ष, विपक्ष, समर्थन असमर्थन, सहमत, असहमत वा खण्डन मण्डन गर्ने कुरा श्रवण गर्न लगाएर विद्यार्थीलाई सम्बन्धित विषयको पक्ष वा विपक्षमा बोल्न, लेख्न अथवा टिप्पणी गर्न लगाउने कार्यकलापलाई श्रुति विवाद भनिन्छ । यस्तो कार्यकलाप समाप्तिपछि आवश्यक टिप्पणी गरी सकरात्मक सुधारको प्रेरणा दिनु राम्रो हुन्छ । यस्तो कार्यकलाप ध्यानपूर्वक सुन्ने/बुझ्ने स्मरण गरी धारण गर्ने, आवश्यक तर्कवितर्क सहित उपयुक्त अभिव्यक्तिगत क्षमताको विकास गर्न सकिन्छ । श्रुतिलेखन शिक्षण गर्दा श्रुति विवाद र कार्यकलाप गर्नु राम्रो हुन्छ ।

### २.२.५ श्रुतिलेखन कार्यकलापले भाषिक सिप विकासमा पार्ने प्रभाव

क) द्रुत लेखन क्षमताको विकास गराउँछ ।

ख) उच्चारण अनुसारको मानक लेखन क्षमताको विकासमा सहयोग पुऱ्याउँछ ।

ग) उपयुक्त हिज्जे, वर्णविन्यास क्षमतामा विकास गराउँछ ।

घ) अरूले भनेका कुरा सुनेका आधारमा लेख्न सक्ने बनाउँछ ।

ङ) श्रुतिलेखनले सुनाइ र लेखाइ क्षमता मात्र विकास नगरी बोलाइ र पढाइ क्षमताको पनि विकास गराउँछ ।

### २.२.६ श्रुतिलेखन कार्यमा विद्यार्थीले गर्ने त्रुटिका क्षेत्रहरू

क) श्रुतिलेखनमा उचित चिह्न प्रयोगको ख्याल नगरी लेख्नु ।

ख) उच्चारणअनुरूप सही वर्ण मिलाएर लेख्न नसक्नु ।

ग) सुन्दा उस्तै उस्तै लाग्ने वर्णहरू लेख्दा अलमलिनु ।

घ) उच्चारित ध्वनि ध्यानपूर्वक नसुन्दा गल्ती लेख्नु ।

### २.२.७ श्रुतिलेखन गराउँदा ध्यान दिनुपर्ने कुराहरू

क) कक्षाकोठाको वातावरण शान्त बनाउने ।

ख) विद्यार्थीलाई शब्द उच्चारण नगरी लेख्न लगाउने ।

ग) विद्यार्थीले पहिले पढिसकेका पाठका अनुच्छेद वा पाठबाट श्रुतिलेखन गराउने ।

घ) विद्यार्थीको स्तर अनुसारका सरल सामग्री छनोट गरेर मात्र श्रुतिलेखन कार्य गराउने ।

ङ) लेख्य सामग्रीलाई विद्यार्थीको लेखन क्षमता हेरी विस्तारै बढीमा दुईपटक दाहोऱ्याउने ।

निष्कर्षमा भन्नुपर्दा श्रुतिलेखन भाषा शिक्षणको आधारशीला हो र ज्ञान विकासको आधारभूत माध्यम पनि हो । शिक्षार्थीको वैयक्तिक र सामाजिक विकासको दृष्टिले पनि यो निकै महत्त्वपूर्ण पक्षा हो । बोध प्राय निरर्थक सावित हुन्छ । श्रुतिलेखन ग्रहणात्मक सिपको पहिलो खुड्किलो हो विद्यार्थीहरूले जति मात्रामा सुन्ने र सुनाउने अवसर पाउँछन् त्यति नै मात्रामा उनीहरूमा श्रुतिलेखन क्षमताको विकास हुन्छ । श्रुतिलेखन शिक्षणमा एकाग्रतालाई महत्त्वपूर्ण तत्त्वका रूपमा लिने गरिन्छ । श्रुतिलेखन मौखिक भाषाको बोध भएकाले यसको बोधमा वक्ताको आवश्यकताअनुरूप वक्ताका हाउभाउ, अङ्ग सञ्चालन, चेष्टा, अनुतान, लय, आघात जस्ता भाषेत्तर तत्त्वहरूलाई मूल भाषिक अभिव्यक्तिसँग मिलाएर बुझ्ने कोशिस गर्नुपर्दछ । यसरी विभिन्न प्रकारका कार्यकलाप गराइ सकेपछि श्रुतिलेखन कार्यकलापले विद्यार्थीमा कस्तो प्रभाव पारेको र उनीहरूले श्रुतिलेखन गर्दा गर्ने त्रुटिहरू के कस्ता छन् त्यसमा समेत ध्यान दिँदै शिक्षकले श्रुतिलेखन गराउनु पर्दछ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा

अनुसन्धान एक औपचारिक एवम् व्यवस्थित कार्य भएकाले यसमा विषयसँग सम्बन्धित खास विधिहरूको प्रयोग गरी अध्ययन विश्लेषण गरिन्छ । शोधकार्यलाई निश्चित उद्देश्यतर्फ डोऱ्याउनका लागि स्पष्ट अध्ययन विधिको आवश्यकता पर्ने हुनाले शोधविधिको विवरण दिनु महत्त्वपूर्ण विषय हो । प्रस्तुत शोध मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन शीर्षकको शोध मुख्यतः क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययनका साथै आवश्यकता अनुरूप अन्य विधिको पनि प्रयोग गरिएको यस अध्ययनको अध्ययन प्रक्रिया निम्नानुसार रहेको छ :

## ३.२ सामग्री सङ्कलन विधि

### ३.२.१ क्षेत्रीय अध्ययन विधि

प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । प्रस्तुत शोधकार्य दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूमा केन्द्रित रहेको हुँदा दैलेख जिल्लाका सम्बन्धित विद्यालयहरूमै गएर विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन गरिएको छ । उक्त अध्ययनका लागि निम्नलिखित विधि र प्रक्रियाहरूको प्रयोग गरिएको छ :

#### ३.२.१.१ जनसङ्ख्या पहिचान

प्रस्तुत अध्ययनमा दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

#### ३.२.१.२ प्रतिनिधि नमुना

प्रतिनिधि नमुना छनोटको रुपमा विद्यालय र विद्यार्थीहरुको छनोट गर्दा सम्भावनारहित नमुना छनोट विधिलाई प्रयोग गरी नमुना छनोट गरिएको छ । मूलतः अनुसन्धान कक्षा पाँचमा अध्ययन गर्ने विद्यार्थीहरूमा सामुदायिक विद्यालयबाट २५ छात्र र २५ छात्रा र संस्थागत विद्यालयबाट २५ छात्र र २५ छात्रा गरी समान प्रतिनिधित्व हुने गरी प्रतिनिधि नमुना छनोट गरिएको छ ।

### क) विद्यालय छनोट

विद्यालय छनोटका क्रममा दैलेख जिल्लाभित्र रहेका विद्यालयहरूमध्येबाट पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयहरूलाई प्रतिनिधि विद्यालयका रूपमा लिइएको छ । जसलाई निम्नलिखित तालिकामा देखाइएको छ :

| सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|
| श्री शहीद धर्मभक्त आधारभूत विद्यालय | पञ्चकोशी इङ्लिश मिडिया स्कुल |
| श्री पञ्चदेवल आधारभूत विद्यालय | हिलसाइड इङ्लिश मिडियम स्कुल |
| श्री जनकल्याण आधारभूत विद्यालय | श्री ब्राइट इङ्लिश मिडिया स्कुल |
| श्री शान्ति सिर्जना आधारभूत विद्यालय | ज्वाला सिद्धस्थली इङ्लिश मिडिया स्कुल |
| श्री भैरव आधारभूत विद्यालय | डि के इङ्लिश मिडियम स्कुल |

### ख) विद्यार्थी छनोट

छनोटमा परेका विद्यालयबाटप्रति विद्यालय १० जनाका दरले ५ छात्र र ५ छात्रा पर्ने गरी विद्यार्थीको छनोट गरिएको छ । छनोटमा परेका विद्यार्थीहरूलाई परिशिष्टमा राखिएको छ ।

## ३.३ सामग्री निर्माण र तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीहरूको लेखन सिप परीक्षण गरी तथ्याङ्क सङ्कलन गर्नुपर्ने भएकाले सोहीअनुरूपका सामग्री निर्माण गरिएको थियो । प्रस्तुत अध्ययनमा प्रयोग गरिएका सामग्री निर्माण गर्ने क्रममा विद्यार्थीको श्रुतिलेखन क्षमता अध्ययनका लागि एउटा अनुच्छेद, विभिन्न किसिमका १० वटा शब्दहरू र विभिन्न किसिमका १० वटा वाक्यहरू छनोट गरिएको थियो ।

श्रुतिलेखन सम्पन्न भएपश्चात् विद्यार्थीहरूले लेखेको अनुच्छेद, शब्दहरू र वाक्यहरूको परीक्षणबाट प्राप्त अङ्क नै यस अध्ययनको तथ्याङ्क भएकाले विद्यार्थीहरूको उत्तरपुस्तिका सङ्कलनपश्चात् शोधनिर्देशकको सल्लाहअनुसार उत्तरकुञ्जिका तयार पारियो ।

तथ्याङ्क सङ्कलनका लागि उत्तरपुस्तिकामा अङ्कित गरिएको प्राप्ताङ्कलाई लैङ्गिकता, भाषिक पृष्ठभूमि, समग्रता र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीको श्रुतिलेखन

क्षमता आदि समूहका वर्गीकरण गरी तालिकीकरण माध्यमबाट छुट्टाछुट्टै रूपमा वर्गीकरण गरिएको छ । श्रुतिलेखन क्षमताको अङ्क निर्माण यस अध्ययनको तथ्याङ्क भएकाले विद्यार्थीहरूको उत्तरपुस्तिका सङ्कलनपश्चात् निम्नानुसारको मूल्याङ्कन ढाँचा तयार पारिएको छः

| | |
|---|---|
| शब्दको शुद्ध लेखन/वर्णविन्यास | ३० |
| चिह्न प्रयोग | २० |
| जम्मा | ५० |

यसरी मूल्याङ्कन ढाँचा तयार पारिसकेपछि विद्यार्थीहरूले लेखेको उत्तरपुस्तिको मापन गरियो । मापन गर्दा चारवटा वर्णविन्यास विगारेबापत एक अङ्क घटाइयो र दुई ठाउँमा चिह्न प्रयोग नगरेबाट एक अङ्क घटाइयो । यसरी सङ्कलित उत्तरपुस्तिकाको मापन गरिएको छ ।

## ३.४ परीक्षण कार्यान्वयन

अध्ययनका लागि परीक्षणीय सामग्रीलाई अन्तिम रूप प्रदान गरिसेकपछि सम्बन्धित विद्यालयमा गई प्रधानाध्यापक र विषय शिक्षकसँग सर्म्पक गरी परीक्षणका लागि विद्यार्थीहरू उपलब्ध गराई दिनुहुन अनुरोध गरियो । त्यसपछि विद्यार्थीहरूलाई शान्त र मर्यादित वातावरणमा परीक्षा सञ्चालन गर्नुपूर्व परीक्षामा उनीहरूले पालना गर्नुपर्ने नियमहरूको बारेमा बताइयो । त्यसपछि परीक्षणको समयावधि तोकी परीक्षा सञ्चालन गरियो । निर्धारित श्रुतिलेखनका लागि ३०/१०/१० मिनेट गरी जम्मा ५० मिनेटको समय सिमाभित्र श्रुतिलेखन गर्न लगाइयो । तोकिएको समयावधि सिद्धिएपछि उत्तरपुस्तिका सङ्कलन गरिएको थियो ।

## ३.५ व्याख्या तथा विश्लेषण

सङ्कलित तथ्याङ्कको वर्गीकरणपश्चात् विद्यार्थीको श्रुतिलेखन क्षमताको विश्लेषण गरिएको छ । अनुच्छेद, शब्दहरू र वाक्यहरूबाट श्रुतिलेखनमा विद्यार्थीहरूले प्राप्त गरेको अङ्कलाई प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीको श्रुतिलेखन क्षमताको व्याख्या विश्लेषण गरिएको छ । तथ्याङ्क विश्लेषण गर्दा समग्र विद्यार्थीको श्रुतिलेखन क्षमता के कस्तो रहेको छ भनी पहिल्याउने कार्य गरिएको छ । विद्यालय प्रकृतिको आधारमा सामुदायिक र संस्थागत विद्यालयमध्ये कस्ता विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो

छ भनी पत्ता लगाउने कार्य गरिएको छ । साथै लैङ्गिक र भाषिक पृष्ठभूमिका आधारमा कसको लेखन क्षमता राम्रो छ भनी पत्ता लगाउने कार्य गरिएको छ ।

यसरी तालिकीकरण गरिएको तथ्याङ्कलाई तथ्याङ्कशास्त्रीय गणनाहरू प्रतिशत, मध्यमान र मानक विचलन प्रयोग गरी विश्लेषण गरिएको छ । विश्लेषण गरिएको तथ्याङ्कलाई स्तम्भचित्र र वृत्तचित्रमा प्रस्तुत गरी प्राप्ताङ्कलाई प्रस्ट पारिएको छ ।

प्रस्तुत अध्ययनका क्रममा उपयोगम ल्याइएका साङ्ख्यिकीय सूत्रहरू निम्नानुसार रहेका छन् :

(क) **प्रतिशत**

$$P = \frac{R}{T} \times 100$$

P . प्रतिशत

R = प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T = जम्मा विद्यार्थी

(ख) **मध्यमान**

$$\overline{X} = \frac{\Sigma X}{N}$$

$\overline{X}$ = मध्यमाान

X = प्राप्ताङ्क

N = जम्मा सङ्ख्या

(ग) **मानक विचलन**

$$\sigma = \sqrt{\frac{\Sigma X^2 - (\Sigma X)^2/N}{N}}$$

σ = मानक विचलन

$\Sigma X^2$ = प्राप्ताङ्कको कुल योगफल

$\Sigma X$ = प्राप्ताङ्कको कुल योग

N = कुल विद्यार्थी सङ्ख्या

यसरी सामग्रीको सङ्कलनमा आवश्यक सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयीय अध्ययन विधि तथा अन्य सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययन विधिलाई अवलम्बन गरिएको छ । अध्ययनलाई वस्तुगत र वैज्ञानिक बनाउन सकेसम्म प्राथमिक स्रोतबाटै सामग्री सङ्कलन गरी सामग्रीको व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्ने काम गरिएको छ । यसरी अध्ययनलाई वस्तुगत र वैज्ञानिक बनाउने प्रयास गरिएको छ ।

# अध्याय-चार

# समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययन दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता पहिल्याउने उद्देश्यमा आधारित रहेको छ । यस अध्ययनमा पाँच सामुदायिक र पाँच संस्थागत गरी १० विद्यालयबाट १०/१० जना विद्यार्थीका दरले १०० जना विद्यार्थीहरूबाट आवश्यक सूचना सङ्कलन गरिएको छ । श्रुतिलेखन क्षमताको विश्लेषण विभिन्न आधारमा गरिएको छ । समग्र विद्यार्थीको श्रुतिलेखन क्षमता विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत, भाषिक पृष्ठभूमिका आधारमा नेपालीभाषी र दोस्रोभाषी विद्यार्थी, लैङ्गिकताका आधारमा छात्र र छात्रा रहेका छन् । व्याख्या विश्लेषणलाई वस्तुगत र वैज्ञानिक बनाउन परीक्षणबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशताङ्क मध्यमान र मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विधिहरूलाई उपयोग गरिएको छ :

## ४.१ समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण

दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई प्रतिशताङ्कको आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. ४.१

**समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण**

| कुल विद्यार्थी सङ्ख्या | ०-१९ निम्नतम | | २०-३९ निम्न | | ४०-५९ मध्यम | | ६०-७९ उच्च | | ८०-१०० उच्चत्तम | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | - | - | २८ | २८ | २७ | २७ | ३३ | ३३ | १२ | १२ |


प्रस्तुत तालिकाअनुसार समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्रतिशताङ्कमा गणना गरिएको छ जसमा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका १०० जना विद्यार्थीलाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणी निर्धारण गरिएको छ । ० देखि १९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या कुनै पनि देखिदैन । त्यसैगरी २०

देखि ३९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २८ र प्रतिशत २८ देखिन्छ । त्यसैगरी ४० देखि ५९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २७ र प्रतिशत पनि २७ नै रहेको देखिन्छ । त्यसैगरी ६० देखि ७९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३३ र प्रतिशत ३३ रहेको देखिन्छ। त्यसैगरी ८० देखि १०० प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ र प्रतिशत १२ रहेको देखिन्छ।

यसरी निम्नतम श्रेणीका रूपमा मापन गरिएको ० देखि १९ प्रतिशतसम्म ल्याउने विद्यार्थीको सङ्ख्या कति पनि रहेको देखिँदैन । निम्न श्रेणी मापन गरिएको २० देखि ३९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २८ र प्रतिशत २८ र उच्च अङ्क मापन गरिएको ६० प्रतिशतभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४५ र प्रतिशत ४५ देखिएको छ । यस अध्ययनमा मापन गरिएको उच्च अङ्क ६० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४५ प्रतिशत र ४० प्रतिशतभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २८ प्रतिशत देखिएको भए तापनि ४० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७२ प्रतिशत देखिन्छ। यस अध्ययनका आधारमा हेर्दा दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ।

**चित्र नं. ४.१**


**समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण**



माथिको तालिकामा समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई प्रस्तुत गरिएको छ। ६०-७९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सबैभन्दा बढी र अन्य श्रेणीमा मध्यम स्तरका विद्यार्थी रहेकाले समग्र विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ । माथिको तालिकालाई अझ स्पष्ट पार्नको लागि वृत्तचित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

**चित्र नं.४.२**

**समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण**




माथि समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई वृत्तचित्रमा प्रस्तुत गरिएको छ । ६०-७९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सबैभन्दा बढी र अन्य श्रेणीमा मध्यम स्तरका विद्यार्थी रहेकाले समग्र विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ।

## ४.२ समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमतामा मध्यमान र मानक विचलनको विवरण

मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थितिलाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ४.२

**समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमतामा मध्यमान र मानक विचलनको विवरण**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ५३.७९ | २२.०० | ५६ | ५६ | ४४ | ४४ |

उपर्युक्त तालिकाअनुसार नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूको समग्र मध्यमान ५३.७९ र मानक विचलन २२.०० रहेको देखिन्छ। मानक विचलनको विवरणलाई हेर्दा समग्र विद्यार्थीहरूको प्राप्ताङ्क बिचको फैलावट धेरै रहेको देखिन्छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि श्रुतिलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५६ प्रतिशत रहेको देखिन्छ भने मध्यमानभन्दा तल प्राप्ताङ्क भएका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ४४ प्रतिशत रहेको देखिन्छ। मध्यमानभन्दा माथि ५६ प्रतिशत र मध्यमानभन्दा तल ४४ प्रतिशत पर्नुले समग्रमा विद्यार्थीको श्रुतिलेखन क्षमताको स्थिति सन्तोषजनक रहेको देखिन्छ।

# अध्याय पाँच

## विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययन दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूमा गरिएको यो अध्ययन सामुदायिकतर्फ ५ वटा र संस्थागततर्फका ५ वटा विद्यालय छनोट गरिएका छन् । यस अध्ययनमा यी दुवै धारका विद्यालयका विद्यार्थीहरू बिच श्रुतिलेखन क्षमता के कति अन्तर रहेको छ भन्ने कुरालाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थितिको व्याख्या तथा विश्लेषण छुट्टाछुट्टै रूपमा तल प्रस्तुत गरिएको छ ।

### ५.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन दैलेख जिल्लामा रहेका सामुदायिक विद्यालयलाई नमुनाको रूपमा लिइएको छ । नमुना छनोटमा परेका ५ वटा सामुदायिक विद्यालयबाट ५ जना छात्र र ५ जना छात्रा गरी ५ विद्यालयबाट ५० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । यसरी छनोटमा परेका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थितिलाई प्रतिशताङ्कका आधारमा निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ५.१

सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन

| कुल विद्यार्थी सङ्ख्या | ०-१९ निम्नतम | | २०-३९ निम्न | | ४०-५९ मध्यम | | ६०-७९ उच्च | | ८०-१०० उच्चत्तम | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | - | - | १८ | ३६ | १३ | २६ | १६ | ३२ | ३ | ६ |

उपर्युक्त तालिकाअनुसार नमुना प्रतिनिधि जनसङ्ख्याको रूपमा ५० जना विद्यार्थीहरू लिइएका छन् । उक्त तालिकाअनुसार विद्यार्थीको श्रुतिलेखन क्षमताको चर्चा गर्न पाँच श्रेणी निर्धारण गरिएको छ जसअनुसार निम्नतम प्रतिशत निर्धारण गरिएको श्रेणी ०-१९ प्रतिशत प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या देखिँदैन । निम्न श्रेणी निर्धारण गरिएको २०-३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या १८ र प्रतिशत ३६ रहेको देखिन्छ ।


त्यसैगरी ४०-५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १३ र प्रतिशत २६ रहेको देखिन्छ । त्यसैगरी ६०-७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १६ र प्रतिशत ३२ रहेको देखिन्छ भने ८०-१०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३ र प्रतिशत ६ रहेको देखिन्छ ।

उक्त तालिकाअनुसार निम्न श्रेणीमा सबैभन्दा बढी विद्यार्थी सङ्ख्या १८ अर्थात् ३६ प्रतिशत र सबैभन्दा माथिल्लो श्रेणीमा सबैभन्दा कम विद्यार्थी अर्थात् छ प्रतिशत र मध्यम स्तरका विद्यार्थीहरूको सङ्ख्या बढी रहेकोले सामुदायिक विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमता ठिकै रहेको देखिन्छ । यसरी हेर्दा दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता मध्यम स्तरको रहेको देखिन्छ ।

सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**चित्र नं.५.१**

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन**





माथिको तालिकाको आधारमा सबैभन्दा बढी विद्यार्थी २०-३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या बढी देखिन्छ भने सबैभन्दा कम ८० प्रतिशतभन्दा माथि

प्राप्ताङ्क ल्याउने रहेको देखिन्छ । अन्य विद्यार्थीको श्रुतिलेखन क्षमता मध्यम स्तरको रहेको देखिन्छ । माथिको तालिकालाई अझ स्पष्ट पार्नको लागि वृत्तचित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

चित्र नं. ५.२

सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन




माथिको वृत्तचित्रको आधारमा सबैभन्दा बढी विद्यार्थी २०-३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या बढी देखिन्छ भने सबैभन्दा कम ८० प्रतिशतभन्दा माथि प्राप्ताङ्क ल्याउने रहेको देखिन्छ । अन्य विद्यार्थीको श्रुतिलेखन क्षमता मध्यम स्तरको रहेको देखिन्छ ।

### ५.१.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमतामा मध्यमान र मानक विचलनको विवरण

मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थितिलाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ५.२

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमतामा मध्यमान र मानक विचलनको विवरण**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४९.५२ | २०.५० | २६ | ५६ | २४ | ४८ |

उपर्युक्त तालिकामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान र मानक विचलनको विवरण क्रमशः ४९.५२ र २०.५० रहेको देखिन्छ । मानक विचलनको विवरणलाई हेर्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको प्राप्ताङ्क बिचको फैलावट धेरै रहेको देखिन्छ । यसरी माथिको तालिकालाई आधार मान्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मध्यमान ४८.५२ रहेको देखिन्छ । यसलाई आधार मान्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी २६ जना रहेको देखिन्छ भने मध्यमानभन्दा तल २४ जना रहको देखिन्छ । प्राप्ताङ्कलाई विश्लेषण गर्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै र मध्यमानभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी थोरै भएकाले दैलेख जिल्लाका सामुदायिक विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमता सन्तोषजनक नै रहेको देखिन्छ ।

## ५.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा दैलेख जिल्लामा रहेका संस्थागत विद्यालयलाई नमुनाको रूपमा लिइएको छ । नमुना छनोटमा परेका पाँचवटा संस्थागत विद्यालयबाट पाँचजना छात्र र पाँचजना छात्रा पर्ने गरी प्रत्येक विद्यालयबाट १०/१० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । पाँचवटा संस्थागत विद्यालयबाट जम्मा ५० जना कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ ।

## तालिका नं. ५.३

## संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन

| कुल विद्यार्थी सङ्ख्या | ०-१९ निम्नतम | | २०-३९ निम्न | | ४०-५९ मध्यम | | ६०-७९ उच्च | | ८०-१०० उच्चत्तम | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | - | - | १० | २० | १५ | ३० | १९ | ३८ | ६ | १२ |


उपर्युक्त तालिकाअनुसार संस्थागत विद्यालयतर्फबाट नमुना प्रतिनिधिका रूपमा ५० जना विद्यार्थीहरूलाई नमुना छनोटका रूपमा छनोट गरिएको छ । उक्त तालिकाअनुसार विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्रतिशताङ्कको गणना गरिएको छ जसमा उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणी निर्धारण गरिएको छ । यसरी उक्त तालिकालाई आधार मान्दा ०-१९ प्रतिशतसम्मको अङ्क श्रेणीमा कुनै पनि विद्यार्थी परेका देखिदैनन् त्यसैगरी २०-३९ सम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १० र प्रतिशत २० रहेको देखिन्छ । त्यसैगरी ४०-५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १५ र प्रतिशत ३० रहेको देखिन्छ । त्यसैगरी ६०-७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १९ र प्रतिशत ३८ रहेको देखिन्छ भने ८०-१०० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ६ र प्रतिशत १२ रहेको देखिन्छ ।

यसरी माथि प्रस्तुत तालिकाअनुसार सबैभन्दा तल्लो श्रेणी मापन गरिएको ०-१९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या नरहेको र सबैभन्दा माथिल्लो श्रेणी मापन गरिएको ८०-१०० सम्म प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ६ र प्रतिशत १२ रहेको देखिन्छ । यसरी प्रतिशताङ्कका आधारमा हेर्दा दैलेख जिल्लाका संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ । यसलाई उच्च विन्दुमा पुऱ्याउनका लागि श्रुतिलेखन कार्यकलापलाई अझै जोड दिनुपर्ने देखिन्छ ।

संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्क विवरणलाई स्तम्भ चित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

चित्र नं. ५.३


संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन




माथिको तालिकाअनुसार सबैभन्दा बढी विद्यार्थी सङ्ख्या ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने रहेको देखिन्छ भने सबैभन्दा कम ८०-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी रहेको देखिन्छ । यसरी प्रस्तुत तालिकाका आधारमा दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ । माथिको तालिकालाई अझ स्पष्ट पार्नको लागि वृत्तचित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

चित्र नं. ५.४

संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन




माथिको वृत्तचित्रअनुसार सबैभन्दा बढी विद्यार्थी सङ्ख्या ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने रहेको देखिन्छ भने सबैभन्दा कम ८०-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी रहेको देखिन्छ । यसरी प्रस्तुत वृत्तचित्रका आधारमा दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

### ५.२.१ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

मध्यमान र मानक विचलनका आधारमा दैलेख जिल्लाका संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई निम्नानुसार तालिका प्रस्तुत गरिएको छ :

तालिका नं. ५.४

**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५७.०४ | १३.२१ | २९ | ५८ | २१ | ४२ |

उपर्युक्त तालिकामा दैलेख जिल्लाका संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण मध्यमान र मानक विचलन क्रमशः ५७.०४ र १३.२१ रहेको देखिन्छ । यसरी माथिको तालिकालाई आधार मान्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मध्यमान ५७.०४ रहेको देखिन्छ । उक्त तालिकालाई आधार मान्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २९ र प्रतिशत ५८ रहेको देखिन्छ भने मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २१ र प्रतिशत ४२ रहेको देखिन्छ । यसरी मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको विवरणलाई हेर्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै भएकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

### ५.३.१ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययन दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति पत्ता लगाउने विषयसँग सम्बन्धित छ । दैलेख जिल्लाका सामुदायिक र संस्थागत विद्यालयबाट नमुना छनोटका रूपमा पाँच सामुदायिक र पाँच संस्थागत विद्यालय गरी जम्मा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति पत्ता लगाइएको श्रुतिलेखन क्षमता के-कति अन्तर रहेको छ भन्ने कुरालाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थितिको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ५.५

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति

| विद्यालय प्रकृति | कुल विद्यार्थी सङ्ख्या | ०-१९ निम्नतम | | २०-३९ निम्न | | ४०-५९ मध्यम | | ६०-७९ उच्च | | ८०-१०० उच्चत्तम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| सामुदायिक विद्यालय | ५० | – | – | १८ | ३६ | १३ | २६ | ३२ | ३ | ६ | १२ |
| संस्थागत विद्यालय | ५० | – | – | १० | २० | १५ | ३० | १९ | ३८ | ६ | १२ |

उपर्युक्त तालिकाको अध्ययनबाट सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ५० र संस्थागत विद्यालयका विद्यार्थीको सङ्ख्या ५० गरी जम्मा १०० जना विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन गरिएको छ । उक्त नमुनाका रूपमा लिइएका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरणलाई पाँच श्रेणीमा निर्धारण गरिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण २०-३९ प्रतिशतसम्म अङ्क रहेको देखिन्छ । ४०-४९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी देखिन्छ । ४०-५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १३ र प्रतिशत २६ रहेको देखिन्छ । त्यसैगरी ६०-७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १६ र प्रतिशत ३२ रहेको देखिन्छ । भने ८०-१०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३ र प्रतिशत छ रहेको देखिन्छ ।

त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूको कुल सङ्ख्या ५० जना रहेका छन् । ५० जना छात्रछात्राहरूको श्रुतिलेखन क्षमताको श्रेणी निर्धारणका आधारमा २०-३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १० र प्रतिशत २० रहेको देखिन्छ । त्यसैगरी ४०-५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १५ र प्रतिशत ३० रहेको देखिन्छ । ६० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १९ र प्रतिशत ३८ रहेको देखिन्छ भने ८०-१०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ६ र प्रतिशत १२ रहेको देखिन्छ ।


उक्त दुवै धारका विद्यालयका विद्यार्थीहरूको प्राप्त गरेको प्राप्ताङ्कको तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूले १९-३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या १८ जना रहेको पाइयो भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १० जना रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयका ४० -५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १३ जना रहेको देखिन्छ भने संस्थागत विद्यालयका विद्यार्थीको सङ्ख्या १५ रहेको देखिन्छ । त्यसैगरी ६०-७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीको सङ्ख्या १९ जना रहेको देखिन्छ । ८०-१०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या ३ रहेको देखिन्छ भने संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या ६ रहेको देखिन्छ ।

यसरी विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक विवरणलाई तलको स्तम्भ चित्रद्वारा प्रस्ट पारिएको छ:

**चित्र नं. ५.५**

**विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक विवरण**



उपर्युक्त स्तम्भ चित्रका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थितिलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमता उच्च बनाउनका लागि विद्यार्थीहरूलाई लेखन कार्यमा सरिक गराउनु पर्ने देखिन्छ ।

### ५.३.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

मध्यमान र मानक विचलनका आधारमा दैलेख जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ५.६

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक विवरण**

| विद्यालय प्रकृति | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक विद्यालय | ५० | ४९.५२ | २०.५० | २६ | ५२ | २४ | ४८ |
| संस्थागत विद्यालय | ५० | ५७.०४ | १३.२१ | २९ | ५८ | २१ | ४२ |

उपर्युक्त तालिकामा दैलेख जिल्लाका नमुना छनोटमा परेका पाँच सामुदायिक र पाँच संस्थागत गरी जम्मा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको प्राप्ताङ्कको विवरणलाई मध्यमान र मानक विचलनको आधारमा विद्यालयको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ । मध्यमानलाई आधार मानी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमान ४९.५२ रहेको देखिन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ५७.०४ रहेको देखिन्छ । यसरी मध्यमानका आधारमा विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीको

श्रुतिलेखन भन्दा संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन राम्रो रहेको देखिन्छ । मानक विचलनका आधारमा हेर्दा पनि सामुदायिक विद्यालयका विद्यार्थीको मानक विचलन २०.५० र संस्थागत विद्यालयका विद्यार्थीको १३.२१ रहेको देखिन्छ । मानक विचलनका आधारमा पनि सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क बिचको फैलावट धेरै र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क बिचको फैलावट कम रहेको देखिएकाले संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो देखिन्छ ।

समग्र मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ । विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको मध्यमान र मानक विचलनको विवरण क्रमशः ४९.५२ र २०.५० रहेको छ । उक्त तालिकालाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २६ र प्रतिशत ५२ रहेको र मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २४ र प्रतिशत ४८ प्रतिशत रहेको देखिन्छ । यसरी मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५२ प्रतिशत र मध्यमानभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४८ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुति लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमताको विवरणलाई उक्त तालिकाअनुसार हेर्दा संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको मध्यमान र मानक विचलनको विवरण क्रमशः ५७.०४ र १३.२१ रहेको देखिन्छ । उक्त तालिकाअनुसार मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २९ र प्रतिशत ५८ रहेको देखिन्छ र मध्यमानभन्दा तल ३ अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २१ र प्रतिशत ४२ रहेको देखिन्छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै र मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या थोरै भएकाले संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

प्रस्तुत तालिकाअनुसार विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमताभन्दा संस्थातग विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

# अध्याय छ

# लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको श्रुतिलेखन क्षमताको विवरण

प्रस्तुत अध्ययनमा दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत समग्र विद्यार्थीको श्रुतिलेखन क्षमतालाई लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विश्लेषण गरिएको छ । जसमा छात्र छात्राको श्रुतिलेखन क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ । भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थी र दोस्रोभाषी विद्यार्थीको तुलनात्मक विवरणलाई विश्लेषण गरिएको छ ।

## ६.१ लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययन दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत जम्मा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिएर श्रुतिलेखन गराई सोही क्षमतालाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा लैङ्गिकताका आधारमा विद्यार्थीको श्रुतिलेखन क्षमताको स्थिति के कस्तो छ भनी पत्ता लगाउने काम गरिएको छ । कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन गर्न लैङ्गिक आधारमा छात्र र छात्रामा विभाजन गरिएको छ । प्रस्तुत अध्ययनमा लैङ्गिक दृष्टिले कक्षा पाँचमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति तल छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरिएको छ :

### ६.१.१ छात्र विद्यार्थीको श्रुतिलेखन क्षमताको विवरण

प्रस्तुत अध्ययनमा दैलेख जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत गरी जम्मा १० विद्यालयका ५/५ जना छात्र पर्ने गरी ५० जना छात्र विद्यार्थीको नमुना छनोट गरिएको छ । यसरी छनोट गरिएका कक्षा पाँचमा अध्ययनरत छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण प्रतिशताङ्कका आधारमा निम्नानुसार रहेको छ :

तालिका नं. ६.१

छात्र विद्यार्थीको श्रुतिलेखन क्षमताको विवरण

| कुल विद्यार्थी सङ्ख्या | ०-१९ निम्नतम | | २०-३९ निम्न | | ४०-५९ मध्यम | | ६०-७९ उच्च | | ८०-१०० उच्चत्तम | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | - | - | १४ | २८ | १२ | २४ | १९ | ३८ | ५ | १० |


उपर्युक्त तालिकाको आधारमा छात्र विद्यार्थीको प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा देखाइएको छ । उक्त तालिकाअनुसार छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मापन गर्न पाँच श्रेणी निर्धारण गरिएको छ। जसमा ०-१९ प्रतिशतसम्म अङ्क ल्याउने छात्र विद्यार्थीको सङ्ख्या कुनै पनि देखिँदैन भने २०-३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्र सङ्ख्या १४ र प्रतिशत २८ रहेको देखिन्छ। त्यसैगरी ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने छात्र सङ्ख्या १२ र प्रतिशत २४ रहेको देखिन्छ । त्यसैगरी ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने छात्र सङ्ख्या १९ र प्रतिशत ३८ रहेको देखिन्छ भने ८०-१०० प्रतिशतसम्म र अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशत १० रहेको देखिन्छ।

यसरी प्रस्तुत तालिकाअनुसार निम्न श्रेणीमा २८ प्रतिशत र उच्चतम श्रेणीमा १० प्रतिशत र अन्य श्रेणीमा मध्यम स्तरको रहेकाले दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ।

छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई निम्नानुसारको स्तम्भ चित्रद्वारा स्पष्ट पारिएको छ :

चित्र नं. ६.१


छात्र विद्यार्थीको श्रुतिलेखन क्षमताको विवरण




उपर्युक्त स्तम्भ चित्रबाट छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई प्रष्ट्याउने प्रयास गरिएको छ । ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या सबैभन्दा धेरै रहेकोले छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता ठिकै रहेको देखिन्छ । छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई अझ स्पष्ट पार्न तलको वृत्तचित्रमा यसरी प्रस्तुत गरिएको छ :

चित्र नं. ६.२

छात्र विद्यार्थीको श्रुतिलेखन क्षमताको विवरण




उपर्युक्त वृत्तचित्रबाट छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई प्रष्ट्याउने प्रयास गरिएको छ । ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या सबैभन्दा धेरै रहेकोले छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता ठिकै रहेको देखिन्छ ।

### ६.१.१.१ मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

तालिका नं. ६.२

**मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण**

| छात्र विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५१.१८ | २०.४५ | २८ | ५६ | २२ | ४४ |

उपर्युक्त तालिकाअनुसार छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको समग्र मध्यमान र मानक विचलनको विवरण क्रमशः ५१.१८ र २०.४५ रहेको देखिन्छ । मानक विचलनको

विवरणलाई हेर्दा छात्र विद्यार्थीहरूको प्राप्ताङ्क बिचको फैलावट धेरै देखिन्छ । त्यसैले छात्र विद्यार्थीहरूको प्राप्ताङ्कको विवरण राम्रो देखिँदैन । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि श्रुतिलेखन क्षमता भएका विद्यार्थी सङ्ख्या २८ र प्रतिशत ५६ रहेको देखिन्छ भने मध्यमानभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २२ र प्रतिशत ४४ रहेको देखिन्छ । यसरी प्रस्तुत तालिकामा मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी प्रतिशत प्रतिशत ४४ रहेकाले दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन र क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

### ६.१.२ छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

प्रस्तुत अध्ययनमा नमुना छनोटमा परेका प्रत्येक विद्यालयहरूबाट छानिएका ५० जना छात्राहरूलाई आधार बनाइएको छ । छनोटमा परेका कक्षा पाँचमा अध्ययनरत छात्राहरूको श्रुतिलेखन क्षमताको स्थितिलाई प्रतिशताङ्कका आधारमा निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.३**

**छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण**

| छात्रा विद्यार्थी सङ्ख्या | ०-१९ निम्नतम | | २०-३९ निम्न | | ४०-५९ मध्यम | | ६०-७९ उच्च | | ८०-१०० उच्चत्तम | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | - | - | १३ | ३६ | १६ | ३२ | १५ | ३० | ६ | १२ |

उपयुक्त तालिकाअनुसार छात्रा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा देखाइएको छ । उक्त तालिकाअनुसार अध्ययनका लागि नमुनाका रूपमा ५० जना छात्रा विद्यार्थीहरूलाई छनोट गरिएको छ । उक्त तालिकामा छात्राहरूको श्रुतिलेखन क्षमतालाई मापन गर्न पाँच श्रेणी निर्धारण गरिएको छ । जसमा ०-१९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या देखिँदैन भने २०-३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १३ र प्रतिशत २६ रहेको देखिन्छ भने ४०-५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १६ र प्रतिशत ३२ रहेको देखिन्छ । त्यसैगरी ६०-७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी


सङ्ख्या १५ र प्रतिशत ३० रहेको देखिन्छ । त्यसैगरी ८० -१०० प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६  र प्रतिशत १२ रहेको देखिन्छ ।

यसरी प्रस्तुत तालिकाअनुसार निम्न श्रेणीमा २६ प्रतिशत र सबैभन्दा माथिल्लो श्रेणीमा १२ प्रतिशत र अन्य श्रेणीमा मध्यम स्तरको रहेकाले दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता ठिकै रहेको देखिन्छ ।

छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई तलको स्तम्भ चित्रद्वारा प्रष्ट पारिएको छ :

**चित्र नं. ६.३**


**छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण**




उपर्युक्त स्तम्भ चित्रबाट छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई प्रष्ट्याउने प्रयास गरिएको छ । ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या सबैभन्दा धेरै भएकाले छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता मध्यम स्तरको रहेको देखिन्छ । माथिको स्तम्भ चित्रलाई अझ स्पष्ट पार्नको लागि वृत्तचित्रमा यसरी प्रस्तुत गरिएको छः

चित्र न. ६.४

छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण




उपर्युक्त वृत्तचित्रबाट छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई प्रष्ट्याउने प्रयास गरिएको छ । ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या सबैभन्दा धेरै भएकाले छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता मध्यम स्तरको रहेको देखिन्छ ।

### ६.१.२.१ मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

तालिका नं. ६.४

मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५४ | १६.६५ | २९ | ५८ | २१ | ४२ |

माथिको तालिकाअनुसार छात्रा विद्यार्थीहरूको मध्यमान र मानक विचलनको विवरण क्रमशः ५४ र १६.६५ रहेको देखिन्छ । मानक विचलनको विवरणलाई हेर्दा छात्रा

विद्यार्थीहरूको प्राप्ताङ्क बिचको फैलावट धेरै देखिँदैन । प्रतिनिधि नमुनाका रूपमा छनोट भएका ५० जना छात्राहरूले प्राप्त गरेको मध्यमान ५३.९ रहेको देखिन्छ । यसरी मध्यमानलाई आधार मानी छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई हेर्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने छात्रा सङ्ख्या २९ र प्रतिशत ५८ रहेको देखिन्छ भने मध्यमानभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २१ र प्रतिशत ४२ रहेको देखिन्छ । यसरी मध्यमानका आधारमा दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत छात्रा विद्यार्थीको श्रुतिलेखन क्षमताको विश्लेषण गर्दा उनीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.१.३ लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलना

प्रस्तुत अध्ययन दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमतको स्थिति पत्ता लगाउने विषयसँग सम्बन्धित छ । दैलेख जिल्लाका सामुदायिक र संस्थागत विद्यालय गरी जम्मा १० वटा विद्यालयबाट १०/१० जना विद्यार्थीका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । जसमा प्रत्येक विद्यालयबाट पाँचजना छात्र र पाँचजना छात्रा गरी नमुना छनोट गरिएको छ । यस अध्ययनमा लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता कस्तो रहेको छ भन्ने कुरालाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थितिको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ६.५

**लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलना**

| समूह | विद्यार्थी सङ्ख्या | ०-१९ निम्नतम | | २०-३९ निम्न | | ४०-५९ मध्यम | | ६०-७९ उच्च | | ८०-१०० उच्चत्तम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सं | प्र | सं | प्र | सं | प्र | सं | प्र | सं | प्र |
| छात्र | ५० | - | - | १४ | २८ | १२ | २४ | १९ | ३८ | ५ | १० |
| छात्रा | ५० | - | - | १३ | ३६ | १६ | ३२ | १५ | ३० | ६ | १२ |

माथिको तालिकामा लैङ्गिकताका आधारमा छात्र र छात्राको श्रुतिलेखन क्षमतालाई प्रतिशताङ्कका आधारमा देखाइएको छ । जसमा ५० जना छात्र र ५० जना छात्रा रहेका

छन् । यसरी माथिको तालिकाअनुसार विश्लेषण गर्दा छात्रतर्फ सबैभन्दा बढी ६०-७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १९ र प्रतिशत ३८ रहेको देखिन्छ भने सबैभन्दा कम ८०-१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशतमा १० रहेको देखिन्छ ।


छात्रातर्फ सबैभन्दा बढी ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १६ र प्रतिशत ३२ रहेको देखिन्छ भने सबैभन्दा कम ८०-१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ र प्रतिशत १२ रहेको देखिन्छ ।

यसरी प्रतिशताङ्कका आधारमा हेर्दा दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत छात्रछात्राहरूमध्ये छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता केही मात्रामा भए पनि राम्रो रहेको देखिन्छ ।

लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई अझ स्पष्ट पार्न स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :

**चित्र नं. ६.५**

**लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलना**




माथिको स्तम्भ चित्रमा लैङ्गिकताका आधारमा छात्र र छात्राको श्रुतिलेखन क्षमतालाई प्रतिशताङ्कका आधारमा देखाइएको छ । जसमा ५० जना छात्र र ५० जना

छात्रा रहेका छन् । यसरी विश्लेषण गर्दा छात्रतर्फ सबैभन्दा बढी ६०-७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १९ र प्रतिशत ३८ रहेको देखिन्छ भने सबैभन्दा कम ८०-१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशतमा १० रहेको देखिन्छ ।

छात्रातर्फ सबैभन्दा बढी ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १६ र प्रतिशत ३२ रहेको देखिन्छ भने सबैभन्दा कम ८०-१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ र प्रतिशत १२ रहेको देखिन्छ ।

### ६.१.४ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक विवरण

मध्यमान र मानक विचलनका आधारमा दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ६.६

**मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक विवरण**

| समूह | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | ५३.७८ | २०.४५ | २८ | ५६ | २२ | ४४ |
| छात्रा | ५० | ५४ | १६.६५ | २७ | ५४ | २३ | ४६ |

प्रस्तुत तालिकामा लैङ्गिकताका दृष्टिले छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनका आधारमा तुलनात्मक स्थिति देखाइएको छ । जसअन्तर्गत ५० जना छात्र र ५० जना छात्रालाई प्रतिनिधि नमुनाको रूपमा लिइएको छ । मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राले प्राप्त गरेको मध्यमान र मानक विचलनको विवरण क्रमशः छात्र ५३.७८ र २०.४५ छात्रा ५४ र १६.६५ रहेको देखिन्छ । छात्रहरूको मध्यमानभन्दा माथि प्राप्ताङ्क प्राप्त गरेको प्रतिशत ५६ रहेको देखिन्छ भने

छात्राहरूको ५४ प्रतिशत रहेको देखिन्छ । जुन छात्राको भन्दा छात्रको २ प्रतिशतले बढी रहेको देखिन्छ । त्यस्तै मध्यमानभन्दा तल छात्रहरूले प्राप्त गरेको प्रतिशत ४४ र छात्राहरूको प्राप्त गरेको प्रतिशत ४६ रहेको देखिन्छ । मध्यमानको विवरणलाई हेर्दा छात्र विद्यार्थीहरूले प्राप्त गरेको ५३.७८ र छात्रा विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ५४ रहेको देखिन्छ । मध्यमानका आधारमा हेर्दा छात्रको तुलनामा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो देखिन्छ । मानक विचलनका आधारमा हेर्दा छात्रको २०.४५ र छात्राको १६.६५ रहेको देखिन्छ । यसरी मानक विचलनका आधारमा हेर्दा पनि छात्र विद्यार्थीको तुलनामा छात्रा विद्यार्थीहरूको प्राप्ताङ्क बिचको फैलावट कम रहेको देखिन्छ । त्यसैले मानक विचलनको आधारमा पनि छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

यसरी माथिको तालिकामा देखाइएको मध्यमानका आधारमा विद्यार्थीहरूको श्रुतिलेखनमा प्राप्त गरेको प्रतिशतलाई आधार मानी अध्ययन गर्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने छात्र ५६ प्रतिशत र छात्रा ५४ प्रतिशत रहेकोले दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत छात्रा विद्यार्थीको भन्दा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.२ भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा दैलेख जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयमा विभिन्न भाषी विद्यार्थीहरू रहेका छन् । मुख्यगरी यस अध्ययनमा रहेका विद्यार्थीहरूलाई नेपालीभाषी र दोस्रोभाषीका रूपमा विभाजन गरी अध्ययनलाई अगाडि बढाइएको छ । प्रस्तुत अध्ययनमा भाषिक पृष्ठभूमिका रूपमा छनोट गरिएका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थितिलाई छुट्टाछुट्टै रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ :

### ६.२.१ नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति

प्रस्तुत ५० जना अध्ययनमा नमुना छनोटको रूपमा रहेको १० विवरणलाई प्रतिशताङ्कको आधारमा विश्लेषण गरिएको छ । अध्ययनको क्रममा छनोटमा परेका दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अवस्था निम्नानुसार रहेको छ :

तालिका नं. ६.७

नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति


| सङ्ख्या | ०-१९ निम्नतम | | २०-३९ निम्न | | ४०-५९ मध्यम | | ६०-७९ उच्च | | ८०-१०० उच्चत्तम | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं | प्र | सं | प्र | सं | प्र | सं | प्र | सं | प्र |
| ५० | - | - | १६ | ३२ | ७ | १४ | १६ | ३२ | ११ | २२ |

माथिको तालिकाअनुसार नमुना छनोटमा परेका विद्यालयमा अध्ययनरत नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अवस्था देखाइएको छ । जसका २० जना नेपाली भाषा बोल्ने विद्यार्थीहरू रहेका छन् । उक्त तालिकामा नेपालीभाषी विद्यार्थीको श्रुतिलेखन क्षमताको स्थितिलाई प्रतिशताङ्कका आधारमा पाँच श्रेणी निर्धारण गरिएको छ । जसमा ०-१९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या कत्ति पनि देखिँदैन भने २०.३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १६ र प्रतिशत ३२ रहेको देखिन्छ । त्यसैगरी ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७२ प्रतिशत १४ रहेको देखिन्छ । त्यसैगरी ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १६ र प्रतिशत ३२ रहेको देखिन्छ भने ८०-१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ११ र प्रतिशत २२ रहेको देखिन्छ । यसरी माथिको तालिकाअनुसार नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई तालिकाअनुसार नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई हेर्दा उनीहरूको श्रुतिलेखन क्षमता ठिकै रहेको देखिन्छ ।

नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. ६.६


नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति




माथिको स्तम्भ चित्रअनुसार नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई प्रतिशतका आधारमा देखाइएको छ । जसअन्तर्गत २०-३९ प्रतिशत र ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १६/१६ रहेको प्रतिशत ३२/३२ रहेको देखिन्छ भने ८० -१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ११ र प्रतिशत २२ रहेको देखिनुले नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति राम्रो रहेको देखिन्छ । माथिको स्तम्भ चित्रलाई अझ स्पष्ट पार्नको लागि वृत्तचित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

चित्र नं. ६.७

नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति




माथिको वृत्तचित्रअनुसार नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई प्रतिशतका आधारमा देखाइएको छ । जसअन्तर्गत २०-३९ प्रतिशत र ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १६/१६ रहेको प्रतिशत ३२/३२ रहेको देखिन्छ भने ८० -१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ११ र प्रतिशत २२ रहेको देखिनुले नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति राम्रो रहेको देखिन्छ ।

### ६.२.१ मध्यमान र मानक विचलनका आधारमा नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति

तालिका नं.६.८

मध्यमान र मानक विचलनका आधारमा नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५७.१ | २४.६४ | २८ | ५६ | २२ | ४४ |

माथिको तालिकाअनुसार नेपालीभाषी विद्यार्थीहरूले सङ्ख्या ५० रहेको देखिन्छ । नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनको विवरण क्रमशः ५७.१ र २४.६४ रहेको देखिन्छ । मान विचलनको आधारमा हेर्दा नेपाली भाषी विद्यार्थीहरूको प्राप्ताङ्क बिचको फैलावट धेरै रहेको देखिन्छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २८ र प्रतिशत ५६ रहेको देखिन्छ भने मध्यमानभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २२ र प्रतिशत ४४ रहेको देखिन्छ । यसरी मध्यमानका आधारमा हेर्दा दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.२.२ दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई अध्ययन गरिएको छ । नमुना छनोटका क्रममा ५० जना नेपाली दोस्रोभाषी विद्यार्थीलाई छनोट गरिएको छ । अध्ययनका लागि छनोट गरिएका ५० जना दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थितिलाई प्रतिशताङ्कका आधारमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.९**

**दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | ०-१९ निम्नतम | | २०-३९ निम्न | | ४०-५९ मध्यम | | ६०-७९ उच्च | | ८०-१०० उच्चत्तम | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | - | - | १२ | २४ | २० | ४० | १७ | ३४ | १ | २ |

प्रस्तुत तालिकाअनुसार दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई प्रतिशताङ्कका आधारमा प्रस्तुत गरिएको छ । श्रुतिलेखन क्षमताको विवरणलाई प्रस्तुत गर्न पाँचवटा श्रेणी निर्धारण गरिएको छ । जसमा ०-१९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या रहेको देखिदैन भने २०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीसङ्ख्या १२ र प्रतिशत २४ रहेको देखिन्छ । त्यसैगरी ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ४० रहेको देखिन्छ ।


त्यसैगरी ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १७ र प्रतिशत ३४ रहेको देखिन्छ भने ८०.१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ र प्रतिशत २ रहेको देखिन्छ ।

यसरी प्रस्तुत तालिकअनुसार तल्लो श्रेणी प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै र माथिल्लो श्रेणी प्राप्त गर्ने विद्यार्थी सङ्ख्या थोरै रहेको देखिन्छ । दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत दोस्रोभाषी विद्यार्थीको श्रुतिलेखन क्षमता मध्यम स्तरको रहेको देखिन्छ ।

माथिको तालिकाअनुसार दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई तलको स्तम्भ चित्रद्वारा स्पष्ट पारिएको छ :

**चित्र नं. ६.८**


**दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति**




प्रस्तुत स्तम्भ चित्रअनुसार दोस्रोभाषी विद्यार्थी सङ्ख्या जम्मा ५० जना रहेको देखिन्छ । उनीहरूको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा वृत्तचित्रमा प्रस्तुत गरिएको छ । जसमा सबैभन्दा बढी ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी प्रतिशत ४० र सङ्ख्या २० रहेको देखिन्छ भने सबैभन्दा कम ८०-१०० प्रतिशत अङ्क ल्याउने रहेका देखिन्छन् । यसरी हेर्दा दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता मध्यम स्तरको रहेको देखिन्छ । माथिको स्तम्भ चित्रलाई अझ स्पष्ट पार्नका लागि वृत्तचित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

चित्र नं. ६.९

दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति




प्रस्तुत वृत्त चित्रअनुसार दोस्रोभाषी विद्यार्थी सङ्ख्या जम्मा ५० जना रहेको देखिन्छ। उनीहरूको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा वृत्तचित्रमा प्रस्तुत गरिएको छ । जसमा सबैभन्दा बढी ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी प्रतिशत ४० र सङ्ख्या २० रहेको देखिन्छ भने सबैभन्दा कम ८०-१०० प्रतिशत अङ्क ल्याउने रहेका देखिन्छन्। यसरी हेर्दा दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता मध्यम स्तरको रहेको देखिन्छ।

### ६.२.२.१ मध्यमान र मानक विचलनका आधारमा दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

तालिका नं. ६.१०

मध्यमान र मानक विचलनका आधारमा दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५०.४८ | १८.४६ | ३० | ६० | २० | ४० |

माथिको तालिकाअनुसार दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई मध्यमान र मानक विचलनका आधारमा क्रमशः ५०.४८ र १८.४६ रहेको देखिन्छ । मानक विचलनको विवरणलाई हेर्दा दोस्रो भाषी विद्यार्थीहरूको प्राप्ताङ्क बिचको फैलावट धेरै देखिँदैन । मध्यमानभन्दा माथि ६० प्रतिशत मध्यमानभन्दा तल ४० प्रतिशत रहेको देखिन्छ । यसरी मध्यमानका आधारमा दोस्रोभाषी विद्यार्थीको श्रुतिलेखन क्षमतालाई हेर्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी रहेकाले दोस्रो विद्यार्थीको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

## ६.३ भाषिक पृष्ठभूमिका आधारमा नेपालीभाषी तथा दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन

भाषिक पृष्ठभूमिका आधारमा दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत नेपालीभाषी र दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई प्रतिशतका आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ६.११

भाषिक पृष्ठभूमिका आधारमा नेपालीभाषी तथा दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन

| समूह | विद्यार्थी सङ्ख्या | ०-१९ निम्नतम | | २०-३९ निम्न | | ४०-५९ मध्यम | | ६०-७९ उच्च | | ८०-१०० उच्चत्तम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सं | प्र | सं | प्र | सं | प्र | सं | प्र | सं | प्र |
| नेपालीभाषी | ५० | - | - | १६ | ३२ | ७ | १४ | १६ | ३२ | ११ | २२ |
| दोस्रोभाषी | ५० | - | - | १२ | २४ | २० | ४० | १७ | ३४ | १ | २ |

प्रस्तुत तालिकाअनुसार नमुना छनोटका रूपमा परेका समूह नेपालीभाषी र दोस्रोभाषी गरी दुई समूहमा विभाजन गरिएको छ । नेपालीभाषी विद्यार्थीहरू छनोट गर्दा ५० जना विद्यार्थीहरू छनोट गरिएको छ । यसरी नमुना छनोट गरिएका नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई मापन गर्न पाँचवटा श्रेणी निर्धारण गरिएको छ । ०-१९

प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या कुनै पनि देखिदैन । त्यसैगरी २०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १६ र प्रतिशत ३२ रहेको देखिन्छ । त्यसैगरी ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७ र प्रतिशत १४ रहेको देखिन्छ । त्यसैगरी ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १६ र प्रतिशत ३२ रहेको देखिन्छ । ८०-१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ११ र प्रतिशत २२ रहेको देखिन्छ । यसरी हेर्दा नेपालीभाषी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क निम्न श्रेणीभन्दा उच्च श्रेणीमा धेरै देखिएकाले नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।


त्यसैगरी उक्त तालिकाअनुसार दोस्रोभाषी ५० जना विद्यार्थीहरू नमुना छनोटका रूपमा छनोट गरिएका छन् । दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मापन गर्नका लागि पाँचवटा श्रेणी निर्धारण गरिएको छ । जसमध्ये ०-१९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या देखिँदैन । त्यसैगरी २०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ प्रतिशत २४ रहेको देखिन्छ । त्यसैगरी ४०-४९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० प्रतिशत ४० रहेको देखिन्छ । त्यसैगरी ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १७ प्रतिशत ३४ रहेको देखिन्छ भने ८०-१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ र प्रतिशत २ रहेको देखिन्छ ।

यसरी माथिको तालिकाको विश्लेषण गर्दा दोस्रोभाषीको तुलनामा नेपालीभाषी विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ । यसो हुनुमा विद्यार्थीको भाषिकता र परिवारको शैक्षिक स्तरले पनि प्रभाव पारेको देखिन्छ ।

नेपालीभाषी र दोस्रोभाषी विद्यार्थीको श्रुतिलेखन क्षमताको तुलनात्मक विवरणलाई तलको स्तम्भ चित्रद्वारा अझै स्पष्ट पारिएको छ :

चित्र नं. ६.१०

भाषिक पृष्ठभूमिका आधारमा नेपालीभाषी तथा दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन




प्रस्तुत स्तम्भ चित्रअनुसार नमुना छनोटका रूपमा परेका समूह नेपालीभाषी र दोस्रोभाषी गरी दुई समूहमा विभाजन गरिएको छ। नेपालीभाषी विद्यार्थीहरू छनोट गर्दा ५० जना विद्यार्थीहरू छनोट गरिएको छ । यसरी नमुना छनोट गरिएका नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई मापन गर्न पाँचवटा श्रेणी निर्धारण गरिएको छ। ०-१९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या कुनै पनि देखिदैन । त्यसैगरी २०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १६ र प्रतिशत ३२ रहेको देखिन्छ। त्यसैगरी ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७ र प्रतिशत १४ रहेको देखिन्छ । त्यसैगरी ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १६ र प्रतिशत ३२ रहेको देखिन्छ। ८०-१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ११ र प्रतिशत २२ रहेको देखिन्छ । यसरी हेर्दा नेपालीभाषी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क निम्न श्रेणीभन्दा उच्च श्रेणीमा धेरै देखिएकाले नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ।

त्यसैगरी उक्त स्तम्भ चित्रअनुसार दोस्रोभाषी ५० जना विद्यार्थीहरू नमुना छनोटका रूपमा छनोट गरिएका छन् । दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मापन गर्नका लागि पाँचवटा श्रेणी निर्धारण गरिएको छ । जसमध्ये ०-१९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या देखिँदैन । त्यसैगरी २०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ प्रतिशत २४ रहेको देखिन्छ । त्यसैगरी ४०-४९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० प्रतिशत ४० रहेको देखिन्छ । त्यसैगरी ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १७ प्रतिशत ३४ रहेको देखिन्छ भने ८०-१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ र प्रतिशत २ रहेको देखिन्छ ।

### ६.३.१ मध्यमान र मानक विचलनका आधारमा नेपालीभाषी र दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

मध्यमान र मानक विचलनका आधारमा दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत नमुना छनोटमा परेका नेपालीभाषी र दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ६.१२

**मध्यमान र मानक विचलनका आधारमा नेपालीभाषी र दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण**

| समूह | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नेपाली भाषी | ५० | ५७.१ | २४.६४ | २८ | ५६ | २२ | ४४ |
| दोस्रो भाषी | ५० | ५०.४८ | १८.४६ | ३१ | ६२ | १९ | ३८ |

प्रस्तुत तालिकामा जम्मा १०० जना विद्यार्थीहरूमध्ये ५० जना नेपालीभाषी र ५० जना नेपाली दोस्रोभाषी विद्यार्थीहरू रहेका छन् । उक्त तालिकाअनुसार नेपालीभाषी विद्यार्थीहरू र दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई मध्यमान र मानक विचलनको आधारमा प्रस्तुत गरिएको छ । नेपालीभाषी विद्यार्थीहरूको मध्यमान र मानक विचलनको विवरण क्रमश ५७.१ र २४.६४ रहेको देखिन्छ । यसरी हेर्दा मध्यमानभन्दा माथि

अङ्क ल्याउने नेपालीभाषी विद्यार्थीहरूको सङ्ख्या २८ र प्रतिशत ५६ रहेको देखिन्छ भने मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २२ र प्रतिशत ४४ रहेको देखिन्छ भने दोस्रोभाषी विद्यार्थीहरूको मध्यमान र मानक विचलनको विवरण क्रमशः ५०.४८ र १८.४६ रहेको देखिन्छ । यसरी हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या ३१ र प्रतिशत ६२ रहेको देखिन्छ भने मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ र प्रतिशत ३८ रहेको देखिन्छ । नेपालीभाषी विद्यार्थीले प्राप्ताङ्कको मध्यमानका आधारमा हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २८ र दोस्रोभाषी विद्यार्थी सङ्ख्या ३१ देखिएको छ जुन नेपालीभाषी विद्यार्थीको तुलनामा ३ जना बढी भएको देखिन्छ । त्यसैगरी मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या नेपालीभाषी विद्यार्थीको बढी भएको देखिएकाले मध्यमानका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विश्लेषण गर्दा नेपालीभाषी विद्यार्थीको भन्दा दोस्रोभाषी विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

मध्यमानको विवरणलाई हेर्दा नेपाली भाषी विद्यार्थीहरूको ५७.१ र दोस्रो भाषी विद्यार्थीहरूको मध्यमान ५०.४८ रहेको देखिन्छ । मध्यमानका आधारमा हेर्दा दोस्रो भाषी विद्यार्थीको तुलनामा नेपाली भाषी विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ । मानक विचलनको विवरणलाई हेर्दा नेपाली भाषी विद्यार्थीको २४.६४ र दोस्रो भाषी विद्यार्थीको १८.४६ रहेको देखिन्छ । यसरी मानक विचलनको विवरणअनुसार हेर्दा नेपाली भाषी विद्यार्थीको तुलनामा दोस्रो भाषी विद्यार्थीले प्राप्ताङ्क बिचको फैलावट कम रहेको देखिएकाले दोस्रो भाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत शोधपत्रलाई जम्मा सात अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ । पहिलो अध्यायमा शोधको परिचय, दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय, तेस्रो अध्यायमा अध्ययन विधि र प्रक्रिया, चौथो अध्यायमा समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति, पाँचौ अध्यायमा विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति छैंटौ अध्यायमा लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति र सातौँ अध्यायमा सारांश, निष्कर्ष र उपयोगिताको अध्ययन गरिएको छ । दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन कार्यका लागि एउटा अनुच्छेद, विभिन्न किसिमका १० वटा वाक्य र विभिन्न किसिमका १० वटा शब्दहरू जस्ता शिक्षण सामग्री तयार गरिएको थियो । उक्त सामग्रीबाट श्रुतिलेखन गराई शब्दको शुद्ध लेखन/वर्णविन्यास र चिह्न प्रयोग जस्ता आधारमा सङ्कलित सामग्रीलाई मापन गरियो । यसरी मापन गरिएको सामग्रीलाई प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययनबाट निम्नानुसारको निष्कर्ष निकालिएको छ :

१. समग्र विद्यार्थीहरूमा सबैभन्दा तल्लो श्रेणी अर्थात् ०.१९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी कुनै पनि देखिँदैन भने २०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २८ प्रतिशत ६० प्रतिशतभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४४ प्रतिशत रहेको र अन्य मध्यम स्तरको रहेकाले समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

२. समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनको विवरण हेर्दा मध्यमान ५३.७९ र मानक विचलन २२.०० रहेको पाइयो । मध्यमानभन्दा माथि ५६ प्रतिशत र मध्यमानभन्दा तल ४४ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा मध्यमानभन्दा तल थोरै

मध्यमानभन्दा माथि धेरै विद्यार्थी परेकोले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

३. विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका प्रतिनिधि नमुनाको रूपमा ५०/५० जना छानिएका छन् । सामुदायिक विद्यालयतर्फ २०-३९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी बढी अर्थात् २६ प्रतिशत रहेको देखिन्छ भने संस्थागत विद्यालयतर्फ ६०-७९ अङ्क ल्याउने विद्यार्थी ३८ प्रतिशत विद्यार्थी रहेकाले सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

४. विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनको विवरण हेर्दा सामुदायिक विद्यालयको मध्यमान ४९.१२ र मानक विचलन २०.५० र संस्थागत विद्यालयको मध्यमान ५७.०४ र मानक विचलन १३.२१ रहेको देखिन्छ । मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

५. लैङ्गिकताका आधारमा ५० जना छात्र र ५० जना छात्रा रहेका छन् जसमा ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउने छात्र सङ्ख्या २४ र प्रतिशत ४८ रहेको देखिन्छ भने छात्रा सङ्ख्या २१ र प्रतिशत ४२ रहेको देखिन्छ । यसबाट दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत छात्रा विद्यार्थीको भन्दा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

६. मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण छात्र विद्यार्थीहरूको मध्यमान ५३.७८ र मानक विचलन २०.४५ रहेको देखिन्छ भने छात्राको मध्यमान ५४ र मानक विचलन १६.६५ रहेको देखिन्छ । मध्यमानभन्दा माथि अङ्क ल्याउने छात्र सङ्ख्या २८ रहेको छ भने छात्रा सङ्ख्या २७ रहेको देखिन्छ । यसरी मध्यमानका आधारमा हेर्दा पनि छात्राको तुलनामा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

७. भाषिक पृष्ठभूमिका आधारमा नेपालीभाषी विद्यार्थी सङ्ख्या ५० र दोस्रोभाषी विद्यार्थी सङ्ख्या ५० जना रहेको देखिन्छ । नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता प्रतिशतमा गणना गर्दा ६० प्रतिशतभन्दा माथि ५४ प्रतिशत विद्यार्थी रहेको र

दोस्रोभाषी विद्यार्थीहरू २८ प्रतिशत रहेकोले दोस्रोभाषी विद्यार्थीको तुलनामा नेपालीभाषी विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

८. मध्यमान र मानक विचलनका आधारमा नेपालीभाषी र दोस्रोभाषी विद्यार्थीहरूको तुलना गर्दा नेपालीभाषी विद्यार्थीको मध्यमान ५७.१ र मानक विचलन २४.६४ रहेको र दोस्रोभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ५०.४८ र मानक विचलन १८.४६ रहेको देखिन्छ । मध्यमान र मानक विचलनका आधारमा हेर्दा नेपालीभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ७.३ उपयोगिता

भाषाका चारवटा सिपमध्ये लेखाइ सिप महत्त्वपूर्ण सिप हो । लेखाइ सिप विकासका लागि श्रुतिलेखनलाई विशिष्ट क्रियाकलापका रूपमा लिइन्छ । श्रुतिलेखन क्षमताले भाषिक लेखाइ सिपसँग सोझो सम्बन्ध राख्दछ । भाषाका चारवटै सिपहरू एक आपसमा अन्तर्सम्बन्धित हुन्छन् । लेखाइ र बोलाइ प्रदानात्मक सिप हुन् । जसले विचारको सम्प्रेषण गर्दछ भने सुनाइ र पढाइ भाषाका आदानात्मक सिप हुन् । लेखाइ सिपको विकासमा श्रुतिलेखनले महत्त्वपूर्ण आधार प्रदान गर्दछ । प्रस्तुत अध्ययनका उपयोगितालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- प्रस्तुत अध्ययनले नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकलाई समय सापेक्ष निर्माण , परिष्कार र परिमार्जन गर्न सहयोगी भूमिका खेल्नेछ ।
- प्रस्तुत अध्ययनले विद्यालय तहका पाठयपुस्तकहरू निर्माण गर्दा मनोविज्ञानलाई ख्याल गरी पाठ्यपुस्तक निर्माणमा सहयोगी भूमिका खेल्ने छ ।
- नेपाली भाषाको शिक्षण गर्दा विद्यार्थीहरूको संज्ञानात्मक पक्षभन्दा सिप पक्षमा बढी जोड दिनुपर्दछ ।
- भाषिक क्षमता अभिवृद्धिका लागि सुनाइ र लेखाइ क्षमता, अनिवार्य पक्ष भएकाले कक्षा, शिक्षणमा श्रुतिलेखनसम्बन्धी क्रियाकलापलाई प्राथमिकता दिनु पर्छ ।
- श्रुतिलेखन गराउँदा पाठ्यपुस्तकमा समावेश भएका पाठबाट मात्र नभई अन्य स्तर सुहाउँदा, उपयुक्त र समसामयिक विषयवस्तुसम्बन्धी श्रुतिलेखन कार्य गराउनु पर्छ ।
- विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा समेत श्रुतिलेखन कार्यकलापलाई समावेश गनुपर्छ ।

- प्रस्तुत अध्ययनले लेखाइ सिपको मूल्याङ्कन गर्न सहयोग गर्नेछ ।
- प्राथमिक तहमा लेखाइ सिप विकास गर्ने श्रुतिलेखन कार्य सहयोगी बन्नेछ ।
- छात्रा विद्यार्थीको तुलनामा छात्र विद्यार्थीको श्रुतिलेखन क्षमता कमजोर देखिएकोले उक्त कमजोरीलाई निराकरणका लागि सम्बन्धित विषय शिक्षकले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।
- नेपालीभाषी विद्यार्थीको तुलनामा दोस्रोभाषी विद्यार्थीको श्रुतिलेखन क्षमता कमजोर रहेकाले दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता अभिवृद्धि गर्न विद्यालयले शैक्षिक गतिविधिमा ध्यान दिनुपर्ने देखिन्छ ।
- संस्थागत विद्यालयका विद्यार्थीको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता कमजोर देखिएकाले सामुदायिक विद्यालयमा पनि अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यार्थीको लेखन क्षमता बढाउनु पर्ने देखिन्छ ।
- विद्यार्थीको लेखाइ क्षमताको मूल्याङ्कन गरी कक्षा शिक्षमा सहयोग गर्नेछ ।
- श्रुतिलेखन शिक्षण विधि कार्यकलाप र उद्देश्यको बारेमा जानकारी लिन प्रस्तुत अध्ययन उपयोगी बन्नेछ ।
- श्रुतिलेखनसँग सम्बन्धित भई अध्ययन गर्न चाहने व्यक्तिलाई मार्ग प्रदान गर्न उपयोगी बन्नेछ ।
- भाषा पाठ्यपुस्तकमा श्रुतिलेखन शिक्षणको अपरिहार्यतालाई दर्साइ श्रुतिलेखन अभिवृद्धि गर्न सहयोग गर्नेछ ।
- भोलिका दिनमा लेखनसँग सम्बन्धित शोधपत्र तयार पार्ने शोधार्थीलाई केही मात्रामा भए पनि उपयोगी बन्नेछ ।
- लैङ्गिकताका आधारमा विद्यार्थीहरूको लेखन क्षमताको तुलना गर्न चाहने अन्य शीर्षकका शोधार्थीलाई पनि उपयोगी बन्नेछ ।
- श्रुतिलेखन कार्यकलापले भाषिक सिपको विकासमा पार्ने प्रभावको बारेमा जानकारी लिन चाहने व्यक्तिका लागि उपयोगी बन्नेछ ।
- श्रुतिलेखन कार्य गर्दा विद्यार्थीले गर्ने त्रुटिका क्षेत्रहरू जान्न चाहने व्यक्तिका लागि उपयोगी बन्नेछ ।

## ७.४ भावी शोधका लागि सम्भावित शीर्षकहरू

- दैलेख जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता
- दैलेख जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता
- दैलेख जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता
- दैलेख जिल्लाका कक्षा आठमा अध्ध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७१), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०६१), *प्रारम्भिक नेपाली शिक्षण* (चौ.सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, सुस्मा (२०६८), *कक्षा आठमा अध्ययनरत दृष्टियुक्त र दृष्टिविहिन विद्यार्थीहरूको श्रुतिबोध क्षमताको तुलनात्मक अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

आचार्य, माधवप्रसाद र गौतम, रामप्रसाद (२०६५), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार ।

ओझा, रामनाथ र जोशी, भानुभक्त (२०७३), *निम्नमाध्यामिक शिक्षक दिग्दर्शन,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

खतिवडा, बालकुमारी (२०७१), *इलाम जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खड्का, अमरसिंह (२०६९), *रुकुम जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

घिमिरे, महेश (२०६६), *काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको निबन्धलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

जोशी, वेदानन्द (२०६६), *कक्षा आठमा अध्ययनरत विद्यार्थीको चिठीलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौ : शुभकामना प्रकाशन प्रा.लि. ।

नेपाल, इन्द्रप्रसाद (२०६७), *सिन्धुपाल्चोक जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको निवेदनलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पुन, रूपलाल (२०६७), *रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखरेल, सीता (२०७३), *कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखरेल, सूर्य (२०७३), *अर्घाखाँची जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६७), *दोस्रो भाषाका रूपमा नेपाली शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा .लि ।

बन्धु, चूडामणि (२०७०), *भाषिक अनुसन्धान प्रतिवेदन लेखन,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

बराल, पुरुषोत्तम (२०६५), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि : परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा. लि ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भुषाल, केशव र भट्ट, महेश प्रसाद (२०७३), *निम्नमाध्यामिक शिक्षक नेपाली मार्गदर्शिका,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६२), *शोधविधि* (चौ.सं.), काठमाडौँ : साझा प्रकाशन ।

शाही, विष्णुकुमारी (२०६८), *चितवन जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदनलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

# परिशिष्ट क

## परीक्षणका लागि प्रयोगमा ल्याइएको सामग्री

दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नपा. शि ५४४ को पाठ्यांशको प्रयोगनार्थ परीक्षणका लागि तयार पारिएको सामग्री

विद्यार्थीको नाम : कक्षा :

विद्यालयको नाम : रोल नं. :

पूर्णाङ्क : ५०

उत्तीर्णाङ्क : १८

१. **तलको अनुच्छेद सुनेर कापीमा लेख ।** ३०

कुनै गाउँमा सन्तु नाम भएको आँखा नदेख्ने एउटा केटो बस्थ्यो । घरमा उनको बाबु र एउटा कुकुर मात्र थिए । एकदिन ऊ कोठामा बसिरहेको थियो । त्यही कोठामा लालटिनको उज्यालामा उनका बाबु केही लेख्दै थिए । सन्तुले दुईचार पटक आफ्नो कुकुरलाई बोलायो । कुकुर नआएपछि ऊ जुरुक्क उठ्यो र छामछुम गर्दै ढोकातिर लाग्यो । कोठामा लालटिन छ भन्ने उसलाई पत्तै भएन । हिँड्दा लालटिनमा ठोक्किएर ऊ लड्यो । लालटिन भुइँमा ढल्यो र मट्टितेल पोखियो । लालटिनको सिसा पनि फुट्यो, यो देखेर उसका बाबु रिसले कराए, "हत्तेरी ! फेरी आज लालटिन ढल्यो । ए सिसा पनि फुटेछ । सन्ते तँ त खाली उपद्रो मात्रै गर्छस् । काम नबिगारेको त दिनै छैन । म त तँ देखेर हैरान भइसकेँ । मेरो कर्म पनि कस्तो रहेछ ।" बाबुको कुरा सुनेर ऊ अक्क न बक्क भयो ।

२. **शब्दहरू** १०

| | |
|---|---|
| बाल दिवस | बाल अधिकार |
| चौतर्फी | सांस्कृतिक |
| पोसिलो | अपाङ्ग |
| निर्णय | साधना |
| अहिंसा | राजसी |

३. **वाक्यहरू** १०

फलेको वृक्षको हाँगो जहिले पनि निहुरिन्छ ।

सुगाको खुट्टा भाँच्ने मानिस रिसालु स्वभावको थियो ।

मानिस एक चेतनशील प्राणी हो ।

समय मूल्यवान् वस्तु हो ।

बुवा दिदीलाई डाक्टर र मलाई म्यानेजर बनाउन चाहनुहुन्छ ।

पढेलेखेको मानिस ज्ञानी हुनुपर्छ ।

इलाम हाम्रो देशको पूर्वी जिल्ला हो ।

हामीले आफ्नो बाबाआमाले भनेको कुरा मान्नुपर्छ ।

काठमाडौँ हाम्रो देशको राजधानी हो ।

कक्षा पाँचमा पढ्ने विद्यार्थीहरू अनुशासित छन् ।

## परिशिष्ट (ख)

## छनोटमा परेका विद्यार्थीहरूको नामावली तथा प्राप्ताङ्क

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १ | दिनेश सुनार | २० |
| २ | अध्ययन कार्की | २७ |
| ३ | दिपक खनाल | ३२ |
| ४ | चन्द्रा भण्डारी | ९६ |
| ५ | दिलाशा शाही | ८६ |
| ६ | नविना पाण्डेय | ८२ |
| ७ | इन्द्र बुढामगर | ८४ |
| ८ | विवेक रिजाल | ८४ |
| ९ | दिपिका रावत | २९ |
| १० | पूजा श्रेष्ठ | ३८ |
| ११ | सन्तोष गिरी | २० |
| १२ | टेकु नेपाली | २० |
| १३ | विपना थापा मगर | २० |
| १४ | राकेश कार्की | ४६ |
| १५ | संगीता श्रेष्ठ | ५८ |
| १६ | विनिता गुरुङ | ५२ |
| १७ | प्रनिसा तामाङ | ३६ |
| १८ | ईश्वर श्रेष्ठ | ६४ |
| १९ | अनिता वि.क | ४८ |
| २० | कमल नेपाली | ५८ |
| २१ | सबिन श्रेष्ठ | ५४ |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| २२ | सञ्जोक मगर | ५० |
| २३ | पवन माझी | ३६ |
| २४ | नारायण वि.क | ४८ |
| २५ | अविनाश खत्री | ६० |
| २६ | अर्चना दानी | २० |
| २७ | दुर्गाकुमारी गुरुङ | २४ |
| २८ | रोशनी नेपाली | ३९ |
| २९ | गोमा पुरी | ४२ |
| ३० | कल्पना घर्ती | ४० |
| ३१ | मनोज सिंह | २४ |
| ३२ | उत्सव लामिछाने | २५ |
| ३३ | मुस्कान गुरुङ | २६ |
| ३४ | कपिल थापा | ७४ |
| ३५ | तिलक पोखरेल | ६२ |
| ३६ | तुल्सी वि.क | ५६ |
| ३७ | सरिता तामाङ | २८ |
| ३८ | रेस्मा थापामगर | ५८ |
| ३९ | कमला मगर | ५७ |
| ४० | नजिमा खान | ५६ |
| ४१ | तिलक बज्राचार्य | ५६ |
| ४२ | तेजबहादुर खड्का | ६२ |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| ४३ | अनिल बयक | ६० |
| ४४ | सुरज लामिछाने | ३८ |
| ४५ | दिपक बोगटी | ६८ |
| ४६ | मुना गुप्ता | ६४ |
| ४७ | आयुष्मा तामाङ | ३६ |
| ४८ | दिपिका गुप्ता | ६० |
| ४९ | शशी भण्डारी | ३६ |
| ५० | हिरा साउद | ७३ |
| ५१ | टोपिन्द्र तामाङ | २१ |
| ५२ | अवयव साउन | २९ |
| ५३ | तबारक खान | ३६ |
| ५४ | नारायण तामाङ | ४० |
| ५५ | महेन्द्र चौधरी | ४० |
| ५६ | शुष्मा वि.क | २९ |
| ५७ | सिर्जना बस्नेत | ६८ |
| ५८ | चाँदनी थापा मगर | ६७ |
| ५९ | रूपा बज्राचार्य | ४६ |
| ६० | निशा कुमारी भण्डारी | ४७ |
| ६१ | विरेन्द्र माझी | ६० |
| ६२ | मिन प्रसाद दाहल | ८० |
| ६३ | सर्वेन्द्र खनाल | ७८ |
| ६४ | विन्दोद खड्का | ३८ |
| ६५ | उमेश श्रेष्ठ | ३० |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| ६६ | संगीता भण्डारी | ५० |
| ६७ | चन्द्रा धर्ती | ८० |
| ६८ | सविना तामाङ | ६० |
| ६९ | कल्पना सारु | ४० |
| ७० | एलिना रावत | ६० |
| ७१ | महेन्द्र कार्की | ८६ |
| ७२ | राजेश रिजाल | ६९ |
| ७३ | सुर्जन खनाल | ६७ |
| ७४ | प्रेम चौधरी | ६० |
| ७५ | क्षितिज थापा मगर | ५८ |
| ७६ | अनिता रामझाली | ६० |
| ७७ | लजिना खान | ५३ |
| ७८ | सम्झना घर्ती | ५२ |
| ७९ | सुविक्षा दानी | ७६ |
| ८० | हिमा कुमारी गुरुङ | ६४ |
| ८१ | नरेन्द्र माझी | ६० |
| ८२ | सुलभ बज्राचार्य | ५० |
| ८३ | मुबारक खान | ६५ |
| ८४ | रोशन बडुवाल | ६८ |
| ८५ | मदन भण्डारी | ६९ |
| ८६ | झरना तामाङ | ५४ |
| ८७ | हसिना खान | ५५ |
| ८८ | रचना गुरुङ | ५८ |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| ८९ | सपना कार्की | ६४ |
| ९० | स्वस्तिका कार्की | ८० |
| ९१ | शुसिल पुरी | ७० |
| ९२ | जगत कठायत | ५९ |
| ९३ | चक्रकुमार वि.क | ७२ |
| ९४ | राजेन्द्र मगर | ७२ |
| ९५ | मुस्थवा खान | ७३ |
| ९६ | शोभा भण्डारी | ७० |
| ९७ | मनिषा वयक | ८२ |
| ९८ | रमिता के.सी | ६५ |
| ९९ | आकांक्षा दाहाल | ६० |
| १०० | तारा पुन | ३९ |

जम्मा प्राप्ताङ्क : ५३७९

मध्यमान : ५३.७९

मानक विचलन : २३.००

## परिशिष्ट (ग)

## छनोटमा परेका सामुदायिक विद्यालयका विद्यार्थीहरूको नामावली तथा प्राप्ताङ्क

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १. | दिपिका रावत | २९ |
| २. | पूजा श्रेष्ठ | ३८ |
| ३. | सन्तोष गिरी | २० |
| ४. | टेकु नेपाली | २० |
| ५. | संगीता श्रेष्ठ | ५८ |
| ६. | राकेश कार्की | ४६ |
| ७. | विनिता गुरुङ | ५२ |
| ८. | ईश्वर श्रेष्ठ | ६४ |
| ९. | पवन माझी | ३६ |
| १०. | नारायण वि.क. | ४८ |
| ११. | अर्चना दानी | २० |
| १२. | दुर्गाकुमारी गुरुङ | २४ |
| १३. | रोशनी नेपाली | ३९ |
| १४. | गोमा पुरी | ४२ |
| १५. | कल्पना घर्तीमगर | ४० |
| १६. | मनोज सिंह | २४ |
| १७. | उत्सव लामिछाने | २५ |
| १८. | मुस्कान गुरुङ | २६ |
| १९. | कपिल थापामगर | ७४ |
| २०. | सरिता तामाङ | २८ |
| २१. | नजिमा खान | ५६ |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| २२. | तेजबहादुर खड्का | ६२ |
| २३. | अनिल वयक | ६० |
| २४. | आयुष्मा तामाङ | ३६ |
| २५. | शशी भण्डारी | ३६ |
| २६. | हिरा साउद | ७३ |
| २७. | अवयव साउद | २९ |
| २८. | टबारक खान | ३६ |
| २९. | महेन्द्र चौधरी | ४० |
| ३०. | नारायण तामाङ | ४० |
| ३१. | विरेन्द्र माझी | ६० |
| ३२. | मिनप्रसाद दाहाल | ८० |
| ३३. | सर्वेक्षण खनाल | ७८ |
| ३४. | विनोद खड्का | ३८ |
| ३५. | कल्पना सारु | ४० |
| ३६. | प्रेम चौधरी | ६० |
| ३७. | क्षितिज थापामगर | ५८ |
| ३८. | चक्रकुमार वि.क. | ७२ |
| ३९. | लजिना खान | ५३ |
| ४०. | सम्झना घर्तीमगर | ५२ |
| ४१. | हिमाकुमारी गुरुङ | ६४ |
| ४२. | नरेन्द्र माझी | ६० |

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| ४३. | सपना कार्की | ६४ |
| ४४. | स्वस्तिका कार्की | ८० |
| ४५. | रमिता के.सी. | ६५ |
| ४६. | आकाक्षा दाहाल | ६० |
| ४७. | शोभा भण्डारी | ७० |
| ४८. | राजेन्द्र मगर | ७२ |
| ४९. | एलिना रावत | ६० |
| ५०. | मनिषा वयक | ८९ |

जम्मा प्राप्ताङ्क : २४५६

मध्यमान : ४९.५२

मानक विचलन : २०.५०

## परिशिष्ट (घ)

## छनोटमा परेका संस्थागत विद्यालयका विद्यार्थीहरूको नामावली तथा प्राप्ताङ्क

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १. | दिनेश सुनार | २० |
| २. | अध्ययन कार्की | २७ |
| ३. | दिपक खनाल | ३२ |
| ४. | चन्द्रा भण्डारी | ९६ |
| ५. | दिलाशा शाही | ८६ |
| ६. | बविना पाण्डेय | ८२ |
| ७. | इन्द्र बुढामगर | ८४ |
| ८. | विवेक रिजाल | ८४ |
| ९. | विपना थापामगर | २० |
| १०. | प्रनिसा तामाङ | ३६ |
| ११. | अनिता वि.क. | ४८ |
| १२. | कमल नेपाली | ५८ |
| १३. | सविन श्रेष्ठ | ५८ |
| १४. | अविनाश खत्री | ६० |
| १५. | सन्जोक मगर | ५० |
| १६. | तिलक पोखरेल | ६२ |
| १७. | तुल्सी वि.क. | ५६ |
| १८. | रेस्मा थापामगर | ५८ |
| १९. | कमला  मगर | ५७ |
| २०. | तिलक बज्राचार्य | ५६ |
| २१. | सुरज लामिछाने | ३८ |
| २२. | दिपक बोगटी | ६८ |
| २३. | मुना गुप्ता | ६४ |
| २४. | शुष्मा वि.क. | २९ |
| २५. | सिर्जना बस्नेत | ६८ |
| २६. | चाँदनी थापामगर | ६७ |
| २७. | रुपा बज्राचार्य | ४६ |
| २८. | निशा कुमारी भण्डारी | ४७ |
| २९. | उमेश श्रेष्ठ | ३० |
| ३०. | सविना तामाङ | ६० |
| ३१. | संगीता भण्डारी | ५० |
| ३२. | महेन्द्र कार्की | ७६ |
| ३३. | राजेश रिजाल | ६९ |
| ३४. | सुजेन खनाल | ६७ |
| ३५. | अनिता रामझली | ६० |
| ३६. | सुलभ बज्राचार्य | ५० |
| ३७. | मुबारक खान | ६५ |
| ३८. | रोशन बडुवाल | ६८ |
| ३९. | मदन भण्डारी | ६९ |
| ४०. | झरना तामाङ | ५४ |
| ४१. | हसिना खान | ५५ |
| ४२. | रचरना गुरुङ | ५८ |

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| ४३. | सुशिल पुरी | ७० |
| ४४. | जगत कठायत | ५९ |
| ४५. | सुविक्षा दानी | ७६ |
| ४६. | दिपिका गुप्ता | ६० |
| ४७. | तारा पुन | ३९ |
| ४८. | मुस्थवाव खान | ७३ |
| ४९. | उमेश श्रेष्ठ | ३० |
| ५०. | चन्द्रा घर्तीमगर | ८० |

जम्मा प्राप्ताङ्क : २८५२

मध्यमान : ५७.०४

मानक विचलन : १३.२१

## परिशिष्ट (ङ)

## छनोटमा परेका नेपाली भाषी विद्यार्थीहरूको नामावली तथा प्राप्ताङ्क

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १. | दिनेश सुनार | २० |
| २. | अध्ययन कार्की | २७ |
| ३. | दिपक खनाल | ३२ |
| ४. | चन्द्रा भण्डारी | ९६ |
| ५. | दिलाशा शाही | ८६ |
| ६. | नविना पाण्डेय | ८२ |
| ७. | विवेक रिजाल | ८४ |
| ८. | दिपिका रावत | २९ |
| ९. | सन्तोष गिरी | २० |
| १०. | राकेश कार्की | ४६ |
| ११. | अनिता विक | ४८ |
| १२. | कमल नेपाली | ५८ |
| १३. | नारायण वि.क. | ४८ |
| १४. | अविनाश खत्री | ६० |
| १५. | अर्चना दानी | २० |
| १६. | रोशनी नेपाली | ३९ |
| १७. | गोमा पुरी | ४२ |
| १८. | मनोज सिंह | २४ |
| १९. | तिलक पोखरेल | ६२ |
| २०. | तुल्सी वि.क. | २६ |
| २१. | तेजबहादुर खड्का | ६२ |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| २२. | अनिल वयक | ६० |
| २३. | दिपक बोगटी | ६८ |
| २४. | शशी भण्डारी | ३६ |
| २५. | हिरा साउद | ७३ |
| २६. | अवयव साउन | २९ |
| २७. | शुष्मा वि.क. | २९ |
| २८. | सिर्जना बस्नेत | ३८ |
| २९. | मिनप्रसाद दाहाल | ८० |
| ३०. | सर्वेन्द्र खनाल | ७८ |
| ३१. | विनोद खड्का | ३८ |
| ३२. | संगीता भण्डारी | ८० |
| ३३. | एलिना रावत | ६० |
| ३४. | महेन्द्र कार्की | ८६ |
| ३५. | राजेश रिजाल | ९२ |
| ३६. | सुर्जन खनाल | ६७ |
| ३७. | सुविक्षा घनी | ७६ |
| ३८. | सपना कार्की | ६४ |
| ३९. | मदन भण्डारी | ६९ |
| ४०. | स्वस्तिका कार्की | ८० |
| ४१. | सुशिल पुर | ७० |
| ४२. | जगत कठायत | ५९ |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| ४३. | चक्रकुमार वि.क. | ७२ |
| ४४. | शोभा भण्डारी | ७० |
| ४५. | मनिषा वयक | ८२ |
| ४६. | रमिता के.सी. | ६५ |
| ४७. | आकांक्षा दाहाल | ६० |
| ४८. | निशाकुमारी भण्डारी | ४७ |
| ४९. | टेकु नेपाली | २० |
| ५०. | रोशन बडुवाल | ६८ |

जम्मा प्राप्ताङ्क : २४५६

मध्यमान : ४९.५२

मानक विचलन : २०.५०

## परिशिष्ट (च)

## छनोटमा परेका नेपाली दोस्रो भाषी विद्यार्थीहरूको नामावली तथा प्राप्ताङ्क

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १. | इन्द्र बुढामगर | ८४ |
| २. | पूजा श्रेष्ठ | ३८ |
| ३. | विपना थापामगर | २० |
| ४. | संगीता श्रेष्ठ | ५८ |
| ५. | विनिता गुरुङ | ५२ |
| ६. | प्रनिसा तामाङ | ३६ |
| ७. | ईश्वर श्रेष्ठ | ६४ |
| ८. | सविन श्रेष्ठ | ५८ |
| ९. | सन्जोक मगर | ५० |
| १०. | पवन माझी | ३६ |
| ११. | दुर्गा कुमारी गुरुङ | २४ |
| १२. | कल्पना घर्तीमगर | ४० |
| १३. | उत्सव लामिछाने | २५ |
| १४. | सरिता तामाङ | २८ |
| १५. | मुस्कान गुरुङ | २६ |
| १६. | रेस्मा थापामगर | ५८ |
| १७. | कमला मगर | ५७ |
| १८. | नजिमा खान | ५६ |
| १९. | तिलक बज्राचार्य | ५६ |
| २०. | सुरज लामिछाने | ३८ |
| २१. | मुना गुप्ता | ६४ |
| २२. | आयुस्मा तामाङ | ३६ |
| २३. | दिपिका गुप्ता | ६० |
| २४. | टोपिन्द्र तामाङ | ४० |
| २५. | तबारक खान | ३६ |
| २६. | नारायण तामाङ | ४० |
| २७. | महेन्द्र चौधरी | ४० |
| २८. | चाँदनी थापामगर | ६७ |
| २९. | रुपा बज्राचार्य | ४६ |
| ३०. | विरेन्द्र माझी | ६० |
| ३१. | उमेश श्रेष्ठ | ३० |
| ३२. | चन्द्रा घर्ती | ८० |
| ३३. | सविना तामाङ | ६० |
| ३४. | कल्पना सारु | ४० |
| ३५. | प्रेम चौधरी | ६० |
| ३६. | क्षितिज थापामगर | ५८ |
| ३७. | अनिता रामझाली | ६० |
| ३८. | लजिना खान | ५३ |
| ३९. | सम्झना घर्तीमगर | ५२ |
| ४०. | हिमाकुमारी गुरुङ | ६४ |
| ४१. | नरेन्द्र माझी | ६० |
| ४२. | सुलभ बज्राचार्य | ५० |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| ४३. | मुबारक खान | ६५ |
| ४४. | झरना तामाङ | ५४ |
| ४५. | हसिना खान | ५५ |
| ४६. | रचना गुरुङ | ५८ |
| ४७. | राजेन्द्र मगर | ७२ |
| ४८. | मुस्थवा खान | ७३ |
| ४९. | तारा पुन | ३९ |
| ५०. | कपिल थापामगर | ७४ |

जम्मा प्राप्ताङ्क : २५२४

मध्यमान : ५०.४८

मानक विचलन : १८.४६

## परिशिष्ट (छ)

## छनोटमा परेका छात्र विद्यार्थीहरूको नामावली तथा प्राप्ताङ्क

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १. | दिनेश सुनार | २० |
| २. | अध्ययन कार्की | २७ |
| ३. | दिपक खनाल | ३२ |
| ४. | इन्द्र बुढामगर | ८४ |
| ५. | विवेक रिजाल | ८४ |
| ६. | सन्तोष गिरी | २० |
| ७. | टेकु नेपाली | २० |
| ८. | राकेश कार्की | ४६ |
| ९. | ईश्वर श्रेष्ठ | ६४ |
| १०. | कमल नेपाली | ५८ |
| ११. | सविन श्रेष्ठ | ५४ |
| १२. | सञ्जोक मगर | ५० |
| १३. | पवन माझी | ३६ |
| १४. | नारायण वि.क. | ४८ |
| १५. | अविनाश खत्री | ६० |
| १६. | मनोज सिंह | २४ |
| १७. | उत्सव लामिछाने | २५ |
| १८. | मुस्कान गुरुङ | २६ |
| १९. | कपिल थापा | ७४ |
| २०. | तिलक पोखरेल | ६२ |
| २१. | तिलक बज्राचार्य | ५६ |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| २२. | तेजबहादुर खड्का | ६२ |
| २३. | अनिल बयक | ६० |
| २४. | सुरज लामिछाने | ३८ |
| २५. | दिपक बोगटी | ६८ |
| २६. | टोपिन्द्र तामाङ | २१ |
| २७. | अवयव साउन | २९ |
| २८. | तबारक खान | ३६ |
| २९. | नारायण तामाङ | ४० |
| ३०. | महेन्द्र चौधरी | ४० |
| ३१. | विरेन्द्र माझी | ६० |
| ३२. | मिनप्रसाद दाहाल | ८० |
| ३३. | सर्वेन्द्र खनाल | ७८ |
| ३४. | विनोद खड्का | ३८ |
| ३५. | उमेश श्रेष्ठ | ३० |
| ३६. | महेन्द्र कार्की | ८६ |
| ३७. | राजेश रिजाल | ९२ |
| ३८. | सर्जन खनाल | ६७ |
| ३९. | प्रेम चौधरी | ६० |
| ४०. | क्षितिज थापामगर | ५८ |
| ४१. | नरेन्द्र माझी | ६० |
| ४२. | सुलभ बज्राचार्य | ५० |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| ४३. | मुबारक खान | ६५ |
| ४४. | रोशन बडुवाल | ६८ |
| ४५. | मदन भण्डारी | ६९ |
| ४६. | सुशिल पुरी | ७० |
| ४७. | जगत कठायत | ५९ |
| ४८. | चक्रकुमार वि.क. | ७२ |
| ४९. | राजेन्द्र मगर | ७२ |
| ५०. | मुस्थवा खान | ७३ |

जम्मा प्राप्ताङ्क : २६७९

मध्यमान : ५३.५८

मानक विचलन : २०.४५

## परिशिष्ट (ज)

## छनोटमा परेका छात्रा विद्यार्थीहरूको नामावली तथा प्राप्ताङ्क

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १. | चन्द्रा भण्डारी | ९६ |
| २. | दिलाशा शाही | ८६ |
| ३. | नविना पाण्डेय | ८२ |
| ४. | दिपिका रावत | २९ |
| ५. | पूजा श्रेष्ठ | ३८ |
| ६. | विपना थापामगर | २० |
| ७. | संगीता श्रेष्ठ | ५८ |
| ८. | विनिता गुरुङ | ५२ |
| ९. | प्रनिसा तामाङ | ३६ |
| १०. | अनिता वि.क. | ४८ |
| ११. | अर्चना दानी | २० |
| १२. | दुर्गाकुमारी गुरुङ | २४ |
| १३. | रोशनी नेपाली | ३९ |
| १४. | गोमा पुरी | ४२ |
| १५. | कल्पना घर्ती | ४० |
| १६. | तुल्सी वि.क. | २६ |
| १७. | सरिता तामाङ | २८ |
| १८. | रेस्मा थापामगर | ५८ |
| १९. | कमला मगर | ५७ |
| २०. | नजिमा खान | ५६ |
| २१. | मुना गुप्ता | ६४ |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| २२. | आयुष्मा तामाङ | ३६ |
| २३. | दिपिका गुप्ता | ६० |
| २४. | शशी भण्डारी | ३६ |
| २५. | हिरा साउद | ७३ |
| २६. | शुष्मा वि.क. | २९ |
| २७. | सिर्जना बस्नेत | ३८ |
| २८. | चाँदनी थापामगर | ६७ |
| २९. | रुपमा बज्राचार्य | ४६ |
| ३०. | निशाकुमारी भण्डारी | ४७ |
| ३१. | संगीता भण्डारी | ५० |
| ३२. | चन्द्रा घर्ती | ८० |
| ३३. | सविना तामाङ | ६० |
| ३४. | कल्पना सारु | ४० |
| ३५. | एलिना रावत | ६० |
| ३६. | अनिता रामभ्kाली | ६० |
| ३७. | लजिना खान | ५३ |
| ३८. | सम्झना घर्ती | ५२ |
| ३९. | सुविक्षा दानी | ७६ |
| ४०. | हिमा कुमारी गुरुङ | ६४ |
| ४१. | झरना तामाङ | ५४ |
| ४२. | हसिना खान | ५५ |

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| ४३. | रचना गुरुङ | ५८ |
| ४४. | सपना कार्की | ६४ |
| ४५. | स्वस्तिका कार्की | ८० |
| ४६. | शोभा भण्डारी | ७० |

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| ४७. | रमिता के.सी. | ६५ |
| ४८. | आकांक्षा दाहाल | ६० |
| ४९. | तारा पुन | ३९ |
| ५०. | मनिषा वयक | ८२ |

जम्मा प्राप्ताङ्क : २७००

मध्यमान : ५४

मानक विचलन : १६.६५